## थवाङ्ग गाउँपालिका

# कृषि विकास गुरु योजना

## (आ.व. २०७९/८० देखि २०८३/८४ सम्म)




# थवाङ्ग गाउँपालिका

## थवाङ्ग, रोल्पा

**२०७८**

# थवाङ्ग गाउँपालिकाको

# कृषि विकास गुरूयोजना

## (आ.व. २०७९/८० देखि २०८३/८४ सम्म)




# थवाङ्ग गाउँपालिका

## थवाङ्ग, रोल्पा

२०७८

**दस्तावेज :**

थवाङ्ग गाउँपालिकाको कृषि विकास गुरूयोजना

**सर्वाधिकार :**

थवाङ्ग गाउँपालिकाको कार्यालय, थवाङ्ग, रोल्पा

**योजना निर्माणमा सहजीकरण एवं परामर्शदाताः**

मनास्लु एग्रिटेक प्रा.लि., काठमाडौं
Email : manasluagritech@gmail.com

**सहभागी टिम**

| | | |
|---|---|---|
| टिम लिडर | : | किशोर प्रसाद पन्त |
| कृषि विशेषज्ञ | : | मधुसुदन घिमिरे |
| विषय विज्ञ (GIS) | : | बाबुराम पोखेल |
| कम्प्युटर सेटिङ्ग | : | रमेश आचार्य |
| गणक | : | दिपक पण्डित |

**आर्थिक सहयोग :**

थवाङ्ग गाउँपालिकाको कार्यालय, थवाङ्ग, रोल्पा

**मुद्रण**

हिसी प्रिन्टिङ्ग प्रेस, ललितपुर, ५५५१४४४

**प्रकाशन प्रति**

१५ प्रति



## मन्तव्य

प्राकृतिक श्रोतहरुले भरिपूर्ण यस थबाङ **गाउँपालिकाका** अधिकांश बासिन्दाहरुको मुख्य पेशा " कृषि "रहँदै आएको छ । नेपालको राजनीतिक परिवर्तनको केन्द्र बिन्दु समेत रहेको यस थबाङ गाउँपालिकाका जनतामा चेतनाको स्तर धेरै माथि भएतापनि कृषि बिकासको प्रतिफल अपेक्षाकृत रुपमा पाउन सकिई रहेको छैन । भौगोलिक विकटता, पुर्वाधार विकासको कमि, दक्ष जनशक्ति तथा उन्नत प्रबिधिको अभावले गर्दा कृषकहरु अझै पनि परम्परागत कृषि प्रणाली अपनाई रहेका छन् । कृषि सङ्गै एकिकृत पशुपालन यहाँको कृषिको बिशेषता हो । कृषि क्षेत्रको उत्पादकत्व अत्यन्त न्यून हुँदा आन्तरिक उत्पादनले माग पूर्ति गर्न सकेको देखिँदैन जसले गर्दा ठुलो परिमाणमा कृषिजन्य वस्तुहरू बाहिरबाट आयात गरिराख्नु परेको छ।

एकातिर बढ्दो जनसंख्या तथा खाद्यान्न उपभोगको बदलिंदो परिदृश्यका सन्दर्भमा खाद्यान्नको माग बढ्दै गइरहेको छ भने अर्को तर्फ परम्परागत खेति प्रणालीको कारण उत्पादन र उत्पादकत्व घट्दै गइ रहेको छ। बिकट एवं भिरालो भू-बनौट, जग्गाको खण्डिकरण, पुर्वाधार विकासको कमि, उन्नत प्रबिधि र प्राबिधिक सेवाको कमिले गर्दा कृषि क्षेत्रको व्यावसायिकीकरण र आधुनीकिकरण अपेक्षाकृत रुपमा हुन सकिरहेको छैन । फलस्वरूप, धेरै मानिसहरु कृषि पेशाबाटै पलायन हुने अवस्था सिर्जना भएको छ । अतः कृषि पेशालाई नाफामूलक, आयमुलक र सम्मानजनक बनाउन कृषि क्षत्रको रुपान्तरण जरुरी भईसकेको छ ।

स्थानीय सरकार संचालन ऐन २०७४ ले स्थानिय सरकारलाई कृषि तथा पशुपालन, कृषि उत्पादन, व्यवस्थापन र पशु स्वास्थ्य सम्बन्धि स्थानीय कानुन मापदण्ड, योजना तर्जुमा र कार्यान्वयन, अनुगमन, नियमन गर्ने अधिकार सुम्पेको छ । स्थानीय सरकार संचालन ऐनले दिएको अधिकार अनुसार **गाउँपालिका**ले कृषि क्षेत्रको विकासका लागि कृषिमा आधुनिकिकरण र व्यवसायिकीकरणमा जोड दिएको छ । जस अनुसार **गाउँपालिकाका**ले कृषिलाई आधुनिकीकरण गर्न विभिन्न बाली बस्तुहरुको पकेट र ब्लकको अबधारणा अनुसार कार्यक्रमहरु संचालन गरको छ | युवाहरुलाई कृषि पेशामा आकर्षण गर्न युवा लक्षित कार्यक्रमहरु ,एक गाउँ एक प्राबिधिक ,एक गाउँ एक उत्पादन , एक घर एक बिरुवा, मासु र अन्डामा आत्मनिर्भर कार्यक्रम ,खाद्यान्न र आलु उत्पादन, व्यवसायिक पशुपालन (बाख्रा, भैसी, बंगुर) र फलफुल खेति (स्याउ र ओखर), आदि संचालन गर्दै आइरहेको छ । यद्यपि, स्थानीय सरकार आफैमा स्वायत्त भए पनि भौतिक पूर्वाधारको कमि ,दक्ष जनशक्तिको अभाव ,आवश्यक ऐन ,नीति एवं कार्यविधिको अभावले कृषि कार्यक्रम कार्यान्वयनमा केहि असहजता देखिएको छ ।

यस गाउँपालिकाको आर्थिक, सामाजिक अवस्था तथा प्राकृतिक श्रोतहरुको उपलब्धता तथा स्थानीय बासिन्दाहरुको परम्परागत ज्ञान सीपलाई उपयोग गरी आर्थिक समुन्नतीतर्फ अगाडी बढ्न कृषि, पशुपालन, वन पैदावर तथा पर्यटन क्षेत्रको विकास आवश्यक रहेको महसुस यस गाउँपालिकाले गरेको छ । यसको लागि दीगो रुपमा जीविकोपार्जनलाई सहयोग गर्न कृषि क्षेत्रको योजनावद्ध रुपमा नीति, रणनीति र योजना तर्जुमा आवश्यक भएको छ | यसै पृष्ठभुमिमा कृषि कार्यक्रमहरुलाई योजनावद्ध रुपमा तर्जुमा गरी स्पष्ट नीति र रणनीति लिएर कार्वान्वयन गरी कृषि उत्पादन र उत्पादकत्व बृद्दी गरी कृषकको आम्दानी एवं रोजगारीका अवसर सिर्जना गर्ने उदेश्यले **थबाङ गाउँपालिकाको कृषि विकास गुरुयोजना (आ.व. २०७९/८० देखि २०८३/८४ सम्म)"** तयार गरिएको छ । **गुरु योजना तयारी आफैमा एउटा जटिल प्रक्रिया हो र सहि योजना छनौटले निर्दिष्ट उद्देश्य हासिल गर्न मद्दत पुन्याउँछ |** यस कृषिको गुरु योजना तयारीले गाउँपालिकाको विद्यमान अवस्थाको विश्लेष्ण गरि आगामी दिनहरुमा गाउँपालिकाले कृषि विकासको लागि लिनु पर्ने खाका/ मार्गदर्शन तयार गर्न मद्दत पुग्ने अपेक्षा गरेको छु |

यस गुरुयोजना तयारीमा प्रत्यक्ष रुपमा संलग्न हुने मनास्लु एग्री टेक प्रा.लि ,काठमाडौंका विज्ञ ज्युहरु, गाउँपालिका उपाध्यक्ष, गाउँपालिकाका वडा अध्यक्ष ज्युहरु, गाउँ कार्यपालिकाका सदस्य ज्युहरु, गाउँपालिकाका कर्मचारी साथीहरु लगायत प्रत्यक्ष तथा परोक्ष रुपमा आवश्यक जानकारी तथा सुचना उपलब्ध गराउनुहुने सम्पूर्ण संघ संस्था तथा महानुभावहरुप्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछु ।
अन्त्यमा यस गुरुयोजनाको कार्यान्वयनका लागी आवश्यक संस्थागत विकास, बजेट बिनियोजन, प्रदेश/संघिय सरकारहरुसंग समन्वय तथा अन्य आवश्यक कामहरु गर्न गाउँपालिका तयार रहेको प्रतिवद्धता समेत व्यक्त गर्न चाहन्छु ।

**वीर बहादुर घर्ति**
**अध्यक्ष**
**थबाङ गाउँपालिका, रोल्पा**

# विषय सूची

खण्ड क

## थवाङ्ग गाउँपालिकाको संक्षिप्त विवरण


१.१ परिचय ........ १
१.२ भौगोलिक सिमाना ........ १
१.३ भू-उपयोगको स्थिति ........ १
१.४ गाउँपालिकाको वडाहरुको विभाजन ........ २
१.५ जनसंख्या ........ २
१.६ जनजातिको विवरण ........ ३
१.७ भौगोलिक अवस्थिति र भू-बनोट ........ ४
१.८ हावापानी ........ ४
१.९ माटो ........ ४
१.१० नदि नाला ........ ५
१.११ सिंचाई सुविधा ........ ५
१.१२ बाढी पहिरो ........ ५
१.१३ सडक यातायात ........ ५
१.१४ पेशा ........ ५
१.१५ व्यापारिक केन्द्र ........ ६
१.१६ वन जंगल ........ ७
१.१७ पर्यटन ........ ७


खण्ड ख

## गाउँपालिकास्तर कृषि विकास गुरुयोजना तर्जुमा


२.१ पृष्ठभूमि ........ ११
२.२ उद्देश्य ........ १३
२.३ अध्ययन विधि ........ १४
२.४ अध्ययनको कार्यक्षेत्र ........ १५
२.५ तथ्याङ्कको कम्पाइलेसन, टेबुलेशन र विश्लेषण विधि ........ १५
२.६ अध्ययनको सीमितता ........ १५
२.७ अध्ययनको मार्गचित्र ........ १६

खण्ड ग

## प्राप्त तथ्याङ्कहरुको विश्लेषण र नतिजाहरु


क. थवाङ्ग गाउँपालिकाको विद्यमान अवस्थाहरु.......................................................१९

३.१ थवाङ्ग गाउँपालिकको भू-उपयोगको स्थिति विश्लेषण.......................................................१९

३.२ खेतीयोग्य जमीनको विवरण.......................................................२०

३.३ बाली चक्र प्रणाली.......................................................२१

३.४ विभिन्न बालीहरुले ढाकेको क्षेत्रफल, उत्पादन र उत्पादकत्व.......................................................२२

३.५ खाद्यान्न वासलात.......................................................२३

३.६ भू अवस्थिति र हावापानी.......................................................२५

३.७ जमीनको भिरालोपना.......................................................२६

३.८ माटोको बनावट.......................................................२६

३.९ माटोमा विद्यमान प्राङ्गारिक पदार्थ.......................................................२६

३.१० माटोमा विद्यमान खाद्यतत्वहरु.......................................................२७

३.११ माटोको अम्लियापना.......................................................२७

३.१२ सिंचाई सुविधाहरु.......................................................२७

३.१३ कृषि व्यवसाय.......................................................२८

३.१४ पशुपन्छीपालन.......................................................२९

३.१५ व्यापारिक केन्द्र.......................................................३१

३.१६ संकलन केन्द्र/हाट बजार.......................................................३१

३.१७ उन्नत प्रविधिको प्रयोग.......................................................३२

३.१८ जलवायु परिवर्तनको असर.......................................................३२

३.१९ वित्तीय संस्थाहरु.......................................................३३

३.२० निजी सेवा प्रदायक संस्थाहरु.......................................................३३

३.२१ कृषिजन्य उद्योगहरु.......................................................३४

३.२२ संस्थागत संरचना.......................................................३४

३.२३ गाउँपालिकाको कृषि कार्यक्रम र बजेट.......................................................३७

३.२४ गाउँपालिकको कृषि सम्बन्धी पूर्वाधारहरु.......................................................३९

३.२५ कृषि अनुदान सम्बन्धमा.......................................................३९

ख. थवाङ्ग गाउँपालिकामा कृषि र पशुपन्छी विकासको विकासका सबल पक्ष, दुर्बल पक्ष, अवसर तथा जोखिम (SWOT) विश्लेषण.......................................................४०

ग. थवाङ्ग गाउँपालिकामा वडागत कृषि क्षेत्रको सम्भाव्यता प्रक्षेपण :.......................................................४९

खण्ड घ

## थवाङ्ग गाउँपालिकाको कृषि विकास योजना

४.१ थवाङ्ग गाउँपालिकाको सोच (VISION) ..... ५५
४.२ ध्येय (Mission) ..... ५५
४.३ उद्देश्यहरु (Objectives) ..... ५५
४.४ निर्देशक सिद्वान्त (Guiding Principle) ..... ५६
४.५ रणनीति (Strategy) ..... ५६
४.६ नीति (Policy) ..... ५६
४.७ कार्यक्रम कार्वान्वयनमा प्रतिबद्धता ..... ५८
४.८ अपेक्षा गरिएको प्रतिफल ..... ५८
४.९ योजना तर्जुमा गर्दा लिइएका आधारहरु ..... ५९
४.१० कार्यक्रमको कुल लागत र बजेटको स्रोतहरु ..... ५९
४.११ अनुगमन मुल्यांकन ..... ६०
४.१२ कार्यक्रमको दिगोपाना ..... ६०

सन्दर्भ सामाग्रीहरु ..... ६१

### तालिकाहरू

तालिका १. थवाङ्ग गाउँपालिकाको भू-उपयोगको स्थिति ..... १
तालिका २. थवाङ्ग गाउँपालिकाको वडाहरुको विभाजन ..... २
तालिका ३. थवाङ्ग गाउँपालिकाको वडागत जनसंख्या विवरण ..... ३
तालिका ४. थवाङ्ग गाउँपालिकाको जनजाती विवरण ..... ३
तालिका ५. थवाङ्ग गाउँपालिकको भू-उपयोगको स्थिति बिश्लेषण ..... १९
तालिका ६. विभिन्न बालीहरुले ढाकेको क्षेत्रफल ..... २०
तालिका ७. बाली चक्र प्रणाली ..... २२
तालिका ८. थवाङ्ग गाउँपालिकामा विभिन्न बालीहरु क्षेत्रफल, उत्पादन र उत्पादकत्व ..... २२
तालिका ९. थवाङ्ग गाउँपालिकाको खाद्यान्न वासलात ..... २४
तालिका १०. थवाङ्ग गाउँपालिकको पशुपन्छी पालनको अवस्था ..... ३०
तालिका ११. थवाङ्ग गाउँपालिकाको कार्यालय, कृषि शाखा, कर्मचारी विवरण ..... ३५
तालिका १२. पशुपन्छी विकास मन्त्रालय अन्तर्गत रोल्पा जिल्लाका स्थानीय निकायहरुमा प्राप्त बजेट सारांश (हजारमा) ..... ३७
तालिका १३. थवाङ्ग गाउँपालिकाको कृषि कार्यक्रममा संघ, प्रदेश र गाउँपालिकाबाट प्राप्त अनुदान रकम ..... ३८
तालिका १४. थवाङ्ग गाउँपालिकामा कृषि क्षेत्रको विषयगत सम्भावना, अवसर र चुनौतिहरु ..... ४२

तालिका १५. थवाङ्ग गाउँपालिकामा कृषि क्षेत्रको मुख्य मुख्य समस्याहरुको विश्लेषण....................४४
तालिका १६. थवाङ्ग गाउँपालिकामा वाडागत कृषि क्षेत्रको सम्भाव्यता.......................................४९

## चित्रहरू

चित्र १. कृषि योजना अध्ययनको कार्यक्षेत्र ........................................................................१५
चित्र २. Conceptual framework ..........................................................................................१६

## अनसूचीहरू

अनुसूची १ : ५ वर्षे कृषि योजना कार्यान्वयन गर्न प्रस्तावित कार्यक्रमहरु तथा वार्षिक बजेट सारांश..............................................................................................६२
अनुसूची २ : कृषि योजना कार्यान्वयन गर्न प्रस्तावित कार्यक्रम क्रियाकलाप तथा तथा वार्षिक बजेट ..........................................................................................................६३
अनुसूची ३ : बजेटको स्रोत व्यवस्थापन.........................................................................७३
अनुसूची ४ : प्रस्तावित योजनाको सोच तालिका (Logical Framework)..................................७४
अनुसूची ५ : गाउँपालिकामा दर्ता भएका कृषक समूह / सहकारीहरुको विवरण........................८०
अनुसूची ६ : गाउँपालिकामा रहेका रजिष्टर्ड कृषि फर्महरुको विवरण .....................................८२
अनुसूची ७ : समूहगत छलफलमा सहभागी व्यक्तिहरुको नामावली (थवाङ्ग १).........................८५
अनुसूची ८ : समूहगत छलफलमा सहभागी व्यक्तिहरुको नामावली (थवाङ्ग २).........................८६
अनुसूची ९ : समूहगत छलफलमा सहभागी व्यक्तिहरुको नामावली (थवाङ्ग ३, मिरूल)..............८७
अनुसूची १० : समूहगत छलफलमा सहभागी व्यक्तिहरुको नामावली (थवाङ्ग ४, उवा).................८८
अनुसूची ११ : सहभागी उत्तरदाताहरुको नामावली............................................................८९
अनुसूची १२ : कृषि विकास गुरूयोजना प्रतिवेदनको सार्वजनिक सुनुवाईमा उपस्थित सहभागीहरूको विवरण.........................................................................................................९२
अनुसूची १३ : थवाङ्ग गाउँपालिकाको स्रोत नक्सा..............................................................९४
अनुसूची १४ : थवाङ्ग गाउँपालिकाको भौगोलोक अवस्थितिको स्रोत नक्सा..................................९७
अनुसूची १५ : थवाङ्ग गाउँपालिकाको भिरालोपना स्रोत नक्सा .............................................. १००
अनुसूची १६ : थवाङ्ग गाउँपालिकाको मुख्य जलस्रोत स्रोत नक्सा.......................................... १०२
अनुसूची १७ : थवाङ्ग गाउँपालिकाको भू-उपयोग स्रोत नक्सा............................................... १०३
अनुसूची १८ : माटोका आधारभूत संरचनाको स्रोत नक्सांकन ............................................... १०६
अनुसूची १९ : थवाङ्ग गाउँपालिकाको माटोको अम्लियपना नक्सा ......................................... १०८
अनुसूची २० : माटोका आधारभूत खाद्यतत्वको स्रोत नक्सांकन............................................. १०९
अनुसूची २१ : थवाङ्ग गाउँपालिकाको कृषि बाली तथा पशुपालन क्षेत्र.................................. ११२

अनुसूची २२ : गाउँपालिका अन्तर्गतका विभिन्न स्थानहरूमा व्यावसायिक रूपमा विकास हुनसक्ने सम्भाव्य बालीहरु, वस्तुहरु, सम्भाव्य क्षेत्रहरु (२०७९/८०-२०८३/८४) ........ ११९
अनुसूची २३ : थवाङ्ग गाउँपालिकाका निर्वाचित जनप्रतिनिधिहरु ............................................ १२२
अनुसूची २४ : थवाङ्ग गाउँपालिकाको कृषि विकास गुरूयोजना सम्बन्धी प्रश्नावलीहरू (कृषकस्तर). १२४
अनुसूची २५ : थवाङ्ग गाउँपालिकाको कृषि विकास गुरूयोजना सम्बन्धी प्रश्नावलीहरू (कृषि/भेटेरिनरी प्राविधिकहरूका लागि) ....................................................... १२८
अनुसूची २६ : थवाङ्ग गाउँपालिकाको कृषि विकास गुरूयोजना सम्बन्धी प्रश्नावलीहर (राजनैतिक पार्टी र जनप्रतिनिधि) ................................................................. १३५
अनुसूची २७ : आधारभूत तथ्याङ्क संकलानका लागि समूहगत छलफल................................... १३६

# शब्द संक्षेप

| | | |
|---|---|---|
| APP | : | Agriculture Perspective Plan |
| ADS | : | Agriculture Development Strategy |
| FAO | : | Food and Agriculture Organization |
| GIS | : | Geographic Information System |
| हे. | : | हेक्टर |
| के.जी. | : | किलो ग्राम |
| लि. | : | लिटर |
| LRP | : | Local Resource Person |
| मे.टन | : | मेट्रिक टन |
| OVOT | : | One Village One Technician |
| SWOT | : | Strength, Weakness, Opportunity and Threat |
| आ.व. | : | आर्थिक वर्ष |
| WGS | : | World Geodetic System |

खण्ड क

# थवाङ्ग गाउँपालिकाको संक्षिप्त विवरण

## १.१ परिचय

नेपालको राजनैतिक परिवर्तनको संवाहकको रुपमा रहेको थवाङ्ग गाउँपालिका रोल्पा जिल्लाको ९ वटा गाउँपालिका र १ नगरपालिका मध्येको एक हो । यो गाउँपालिका २८ डिग्री, २३ मिनेट, ३२.४ सेकेण्ड देखि २८ डिग्री, ३१ मिनेट, ३५.७ सेकेण्ड बीचको उत्तरी अक्षांस र ८२ डिग्री, ३६ मिनेट, ४९.६ सेकेण्ड देखि ८२ डिग्री, ५२ मिनेट, ८.९ सेकेण्ड बीचको पूर्वी देशान्तरमा फैलिएको छ (WGS 1984) ।

नेपाल सरकारको स्थानीय तह पुनर्संरचना २०७३ अनुसार साबिकको मिरुल, उवा र थवाङ्ग गाउँ विकास समितिहरु समाबेश गरेर नयाँ थवाङ्ग गाउँपालिका स्थापना भएको हो । यस गाउँपालिकाको केन्द्र पुरानो थवाङ्ग गाउँ विकास समितिको कार्यालयमा रहेको छ । यस गाउँपालिका अन्तर्गत ५ वडाहरु रहेका छन्, जसमध्ये साबिक थवाङ्ग गाउँपालिकालाई १, २ वडामा बाँडिएको छ भने साबिक मिरुल गाउँपालिकालाई वडा ३ र साबिक उवा गाउँपालिकालाई वडा नं. ४ र ५ विभाजन गरिएको छ ।

## १.२ भौगोलिक सिमाना

यस गाउँपालिकाको पूर्वमा सुनछहारी गाउँपालिका र पूर्वी रुकुम जिल्ला, पश्चिममा परिवर्तन गाउँपालिका र पूर्वी रुकुम जिल्ला, उत्तरमा पूर्वी रुकुम जिल्ला र दक्षिणमा रोल्पा नगरपालिका रहेको छ। यस गाउँपालिकाको कुल क्षेत्रफल १९१.०४ वर्ग कि.मि. रहेको छ।

## १.३ भू-उपयोगको स्थिति

थवाङ्ग गाउँपालिकाको कुल क्षेत्रफल १९१०३.९९ हेक्टर रहेको छ जस मध्ये जंगलले ढाकेको क्षेत्रफल १२६८८.८८ हेक्टर (अर्थात ६६.४%) रहेको, कृषिले ढाकेको क्षेत्रफल ५८२५.७९ हेक्टर (अर्थात् ३०.५%) र बाँकी नदि, ताल तलैया, सार्वजनिक, खानी र खनिज क्षेत्र, पुरातात्विक महत्वका क्षेत्र र अन्य रहेको छ।

**तालिका १. थवाङ्ग गाउँपालिकाको भू-उपयोगको स्थिति**

| क्र.सं. | जमीनको उपयोग | क्षेत्रफल (हे.) | प्रतिशत (%) |
|---|---|---|---|
| १ | जंगल | १२,६८८.८८ | ६६.४ |
| २ | कृषियोग्य जमीन | ५,८२५.७९ | ३०.५ |
| ३ | नदी, ताल र तलैया | २३५.८८ | १.२ |
| ४ | आवास | ७७.४७ | ०.४ |

| क्र.सं. | जमीनको उपयोग | क्षेत्रफल (हे.) | प्रतिशत (%) |
|---|---|---|---|
| ५ | सार्बजनिक | ६६.७१ | ०.३ |
| ६ | व्यावसायिक खेती | ११.३७ | ०.१ |
| ७ | खानी र खनिज सम्पदा | १.९४ | ०.० |
| ८ | सांस्कृतिक/पुरातात्विक सम्पदा | ०.०७ | ०.० |
| ९ | अन्य | १९५.८९ | १.० |
| | जम्मा | १९,१०३.९९ | १००.० |

*स्रोतः नापी विभाग, २०७४*

## १.४ गाउँपालिकाको वडाहरुको विभाजन

नेपाल सरकारको स्थानीय तहको पुनर्संरचना अनुसार साबिकको मिरुल, उवा र थवाङ्ग गाउँपालिकाहरुलाई मिलाएर यस थवाङ्ग गाउँपालिका स्थापना भएको छ। हाल थवाङ्ग गाउँपालिका अन्तर्गत ५ वटा वडाहरु छन् । वडागत भू-उपयोगको बाँडफाँड गर्दा वडा नं. १ ले करिब ३१६३.२८ हे., वडा नं. २ ले ३३१८.५० हे., वडा नं. ३ ले ४०५५.७८ हे., वडा नं. ४ ले ४१९५.८१ र वडा नं. ५ ले ४३७०.५४ हे. क्षेत्र ओगटेको देखिन्छ (अनुसूची १७) ।

**तालिका २. थवाङ्ग गाउँपालिकाको वडाहरुको विभाजन**

| हालका वडाहरु | साबिकका गाउँपालिका | साबिकका वडाहरु |
|---|---|---|
| १ | थवाङ्ग | १ देखि ४ |
| २ | थवाङ्ग | ५ देखि ९ |
| ३ | मिरुल | १ देखि ९ |
| ४ | उवा | ३, ५, ७, ८ |
| ५ | उवा | १, २, ४, ६, ९ |

## १.५ जनसंख्या

२०६८ को जनगणना अनुसार यस गाउँपालिकाको कुल जनसंख्या १०८८१ रहेको र कुल घरपरिवार संख्या २१७२ रहेको छ। थवाङ्ग गाउँपालिका अन्तर्गतका वडाहरुको जनसंख्याको विवरण यस प्रकार रहेको छ ।

**तालिका ३. थवाङ्ग गाउँपालिकाको वडागत जनसंख्या विवरण**

| क्र.सं. | वडा | घरधुरी | महिला | पुरुष | जम्मा |
|---|---|---|---|---|---|
| १ | १ | ४१७ | १,०२० | ८९२ | १,९१२ |
| २ | २ | ५२० | १,३३६ | १,१५० | २,४८६ |
| ३ | ३ | ४९४ | १,४०५ | १,१०८ | २,५१३ |
| ४ | ४ | ३४६ | ९६८ | ९१७ | १,८८५ |
| ५ | ५ | ३९५ | १,१७७ | ९६८ | २,०८५ |
| | जम्मा | २,१७२ | ५,८४६ | ५,०३५ | १०,८८१ |

*स्रोतः तथ्याङ्क कार्यालय, प्युठान, २०६८*

तालिका ३ अनुसार थवाङ्ग गाउँपालिकाको जनसंख्या विवरण हेर्दा थवाङ्ग गाउँपालिकामा महिला पुरुषको अनुपात ०.८६% अर्थात् महिलाहरुको जनसंख्या पुरुष भन्दा १४% ले बढी रहेको देखिन्छ र औसत परिवारको आकार ५.०१ रहेको छ, जुन रोल्पा जिल्लाको औसत परिवार आकार ४.४६ को तुलनामा बढी रहेको देखिन्छ। २०६८ को जनगणना अनुसार थवाङ्ग गाउँपालिकामा अनुपस्थित संख्या ८९९ रहेको र जस मध्ये ८३३ पुरुष रहेको र बाँकी ६६ जना महिला रहेको छ।

राष्ट्रिय जनगणना २०७८ को प्रारम्भिक नतिजा अनुसार हाल यस गाउँपालिकाको कुल जनसंख्या ११००८ रहेको, परिवार संख्या २५७५, कृषिमा आश्रित परिवार २२०२ र औसत जग्गाको आकार ०.५२ हेक्टर रहेको पाइएको छ, तथापि विस्तृत विवरण प्रकाशित हुन बाँकी नै छ।

## १.६ जनजातिको विवरण

यस गाउँपालिकामा अधिकांश खाम भाषी मगर जातिको बसोबास रहेको छ । यी जातिहरुको आफ्नै किसिमको मौलिक भाषा, संस्कृति, भेष-भुषा, रीति रिवाज र संस्कार रहेको छ । यस गाउँपालिकामा मगर जातिको अलावा कामी, दमाई, क्षेत्री र गुरुङ जातिहरुको पनि बसोबास रहेको छ । यस गाउँपालिकाको जातिगत विवरण यस प्रकार रहेको छ ।

**तालिका ४. थवाङ्ग गाउँपालिकाको जनजातीको विवरण**

| क्र.सं. | जनजाती | प्रतिशत |
|---|---|---|
| १ | मगर | ८३.०० |
| २ | कामी | ११.२२ |
| ३ | दमाई | १.५७ |
| ४ | क्षेत्री | १.१६ |

| क्र.सं. | जनजाती | प्रतिशत |
|---|---|---|
| ५ | गुरुङ | ०.९७ |
| | **जम्मा** | १००.०० |

*स्रोत : राष्ट्रिय जनगणना, २०६८*

तालिका ४ अनुसार थवाङ्ग गाउँपालिकामा करिब ८३ प्रतिशत मगर जातिको बसोबास रहेको छ भने करिब ११ प्रतिशत कामी जातिको बसोबास रहेको पाइएको छ र अन्य जातिहरुको बसोबास नगन्य रुपमा रहेको छ ।

## १.७ भौगोलिक अवस्थिति र भू-बनोट

भौगोलिक बनावटले सुन्दर यस गाउँपालिका भौगोलिक अबस्थितिका हिसाबले समुन्द्र सतहबाट १२५४ मिटर देखि ३६०० मिटर भन्दा अग्लो भू-भागसम्म फैलिएको छ । गाउँपालिकाको धेरैजसो क्षेत्रको भू-बनौट बिकट एवम् धेरै भिरालो (भिरालो ३० डिग्री भन्दा बढी) रहेको छ भने केही भागहरु समथर बेसी रहेका छन् । उच्चपहाडी भू-भागको अधिकांश क्षेत्र खर्कको रुपमा रहेको छ भने अधिकांश बस्तीहरु समतल क्षेत्रमा रहेको छन् । गाउँपालिकाको वडा नं. ४ र ५ को केही भू-भागहरुमा भिरालो र कमजोर भू-बनोटका कारण वर्षेनी पहिरो जाने समस्या रहेको छ ।

## १.८ हावापानी

हावापानीको हिसाबले यस गाउँपालिकामा सम-शितोष्ण देखि शितोष्ण र केही उच्च भागहरुमा टुण्ड्रा (हिउँ जम्ने) प्रकारको हावापानी पाइन्छ । जाडो याममा गाउँपालिकाको धेरै स्थानहरुमा हिउँ पर्ने गर्दछ। गाउँपालिकाको वडा नं. ५ को केही स्थानहरुमा फरक भू-धरातलले गर्दा न्यानो प्रकारको सुक्ष्म जलवायु पनि पाइन्छ । जाडो याममा धेरै जाडो हुने र धेरैजसो क्षेत्रमा हिउँ पर्ने गर्दछ भने वर्षा याममा प्रशस्त पानी पर्दछ ।

## १.९ माटो

माटोको बनावटको हिसाबले अधिकांश माटो उर्वर बलौटे पाँगो माटो रहेको छ भने केही ठाउँहरू जस्तै साबिकको मिरुल र उवा गाउँपालिकाको केही स्थानमा चिम्टायाईलो माटो रहेको छ । यहाँ अझैसम्म परम्परागत रुपमा नै खेतीपाती गरिने र खेतबारीमा कुनै पनि किसिमको रासायनिक मल र विषादीको प्रयोग नगरिने हुँदा अधिकांश माटोमा प्रशस्त मात्रामा प्राङ्गारिक पदार्थ रहेको अनुमान गर्न सकिन्छ । प्राङ्गारिक पदार्थ धेरै भएकोले यहाँको माटोको अम्लियापना पनि न्युट्रल रहेको छ ।

## १.१० नदि नाला

गाउँपालिका भित्र ठूला र साना गरेर धेरै नै खोला र नदि नालाहरु रहेको छन् । भिरालो भू-बनौटले गर्दा यी खोलाहरुले वर्षेनी विभिन्न बाढी, पहिरो, नदि कटान आदिको समस्या ल्याउने गरेका छन् । यस गाउँपालिकामा बग्ने प्रमुख नदि नालाहरुमा थवाङ्ग खोला, मिरुल खोला, छाल्वाङ्ग खोला, धुस्वाङ्ग खोला, तेल खोला, उवा खोला आदि प्रमुख रहेका छन् ।

## १.११ सिंचाई सुविधा

गाउँपालिकाको धेरैजसो क्षेत्रमा सिंचाईको सुविधा पुग्न सकेको छैन र केही सीमित क्षेत्रमा परम्परागत सिंचाई कुलोको सुविधा रहेतापनि अधिकांश कृषकहरुले आकाशे पानीको भरमा खेती गर्ने गरेका छन् ।

## १.१२ बाढी पहिरो

थवाङ्ग गाउँपालिकामा वर्षा याममा वर्षेनी बाढी पहिरोको कारणले धेरै धन जनको क्षति हुने गरेको छ भने अर्कोतिर हिउँदमा सुख्खा र खडेरीको कारण पनि बालीनालीहरुलाई धेरै नोक्सानी पुर्‍याई रहेको छ । जलवायु परिवर्तनको हिसाबले यस गाउँपालिका सम्बेदनशील क्षेत्रको रूपमा रहेको छ ।

## १.१३ सडक यातायात

राजनैतिक चेतनाको स्तर धेरै माथि भएपनि भौगोलिक विकटता र पूर्वाधार विकासको अभावले यस गाउँपालिका आर्थिक विकासमा धेरै पछाडि परेको छ । थवाङ्गको समग्र विकासको लागि लाईफलाईनको रुपमा रहेको १७० कि.मि. लामो घोराही-थवाङ्ग सहिद मार्ग, १५ कि.मि. लामो थवाङ्ग-लुकुम मध्य पहाडी लोक मार्ग, सदरमुकाम लिवाङ्ग देखि थवाङ्ग सम्म र सुलीचौर देखि थवाङ्ग सम्म सडक यातायातले जोडिएको हुँदा आउँदा दिनहरुमा यस गाउँपालिकाले आर्थिक विकासमा उल्लेखनीय प्रगति गर्ने अपेक्षा गर्न सकिन्छ । यसका अतिरिक्त गाउँपालिका भित्र पनि हिउँदमा चल्ने थुप्रै सडकहरुको ट्र्याक पनि खुलिसकेका छन् ।

## १.१४ पेशा

यहाँको अधिकांश मानिसको मुख्य पेशा कृषि रहेको र कृषि व्यवसायको कुरा गर्दा यस गाउँपालिकामा अझै पनि किसानहरुले परम्परगत रुपमा खेती गर्दै आइरहेका छन् । यहाँ खास गरेर मकै, गहुँ, जौ, कोदो, उवा, आलु आदि खाद्यान्न बालीहरु, सिमी, भट्टमास, मसुरो आदि दाल बालीहरु र विभिन्न जातका तरकारीहरू जस्तै काउली, बन्दा फर्सी, लहसुन, प्याज, रायो, मुला

आदि तरकारीहरु र फलफूलमा ओखर, स्याउ, नासपाती, खुन्मारी, आलुवखडा, किवी आदिको खेती गरिन्छ । थवाङ्ग गाउँपालिकामा उत्पादित आलु र आलुको बीउ गुणस्तरको लागि जिल्ला भित्र र बाहिरी जिल्लाहरुमा पनि प्रख्यात छ ।

पशुपन्छी पालनको कुरा गर्दा मुख्य गरेर गाई, भैंसी, भेडा, बाख्रा, सुंगुर, घोडा, खच्चर र कुखुरा आदि पालन गर्दै आएका छन् । हालका दिनहरुमा केही स्थानहरुमा व्यावसायिक बाख्रा, बंगुर र भैंसी पालन आदिको शुरुवात भएको छ । गाउँपालिकाको केही वडाहरूमा पशुपन्छी पालनका साथै सीमित मात्रामा राडी पाखी बुन्ने काम पनि गरिंदै आएको छ।

कृषि पेशाको साथसाथै यहाँका कृषकहरुले जडिबुटी खेती जस्तै सतुवा, भोटे लहसुन, टिमुर, दाँते ओखर, पाखनबेद, पदमचाल आदिको पनि खेती गर्दै आएको छन् । कानुनी रुपमा वैधानिक नभए पनि भाङ्गो खेती यहाँको मानिसको प्रमुख नगदे बालीको रुपमा रहको छ ।

व्यावसायिक खेतीको कुरा गर्दा उन्नत प्रविधिको अभाव, भिरालो भू-बनोट, पूर्वाधार विकासको कमी, सिंचाईको समस्या आदिले गर्दा अधिकांश कृषकले परम्परगत रुपमा कृषि व्यवसाय गर्दै आइरहेका छन् । एकातिर भौगोलिक विकटता, परम्परागत खेती प्रणाली, उन्नत बीउ बिजन, नश्ल र प्राविधिक सेवाको कमीले गर्दा यहाँ बाली वस्तुहरुको उत्पादन र उत्पादकत्व कम छ भने अर्कोतर्फ यातायातको असुविधा र उचित भण्डारणको अभावमा यहाँ उत्पादित कृषि उपजले उचित मूल्य पाउन सकिरहेको छैन ।

## १.१५ व्यापारिक केन्द्र

थवाङ्ग गाउँपालिकाको प्रमुख व्यापारिक केन्द्रहरुमा घर्तिगाउँ, सदरमुकाम लिवाङ्ग र सुलिचौर र दाङको घोराही हुन् । यसको अलावा पूर्वी रूकुम, बागलुङ्गको बुर्तिवाङ्ग र बुटवल बजारसम्म पनि कारोबार हुने गरेको छ । आन्तरिक बजारको कुरा गर्दा थवाङ्ग नै मुख्य व्यापारिक केन्द्र रहेको छ । उक्त बजारमा स्थानीयहरुले आफुले उत्पादन गरेको कृषि उपजहरु खरीद बिक्रि गरिनुको साथै आफुलाई आवश्यक पर्ने अन्य सरसामानहरु खरीद गर्ने गर्दछन्।

यस गाउँबाट निकासी हुने मुख्य कृषि उपजहरुमा आलु, स्याउ, सिमी, घिऊ, भेडा बाख्रा, बंगुरको मासु र विभिन्न प्रकारका जडिबुटीहरु, बेत बाँसका सामानहरु र अल्लोको सामानहरु रहेका छन्। तर कानुनी रुपमा नभएपनि कारोबार र आम्दानीको हिसाबले भाङ्गोको कारोबार ठुलो परिमाणमा हुने गरेको छ, यो नै नगदको स्रोत र खाद्य पोषण सुरक्षाको स्रोत बनेको छ। सामान्यतया एक भाग भाङ्गो बराबर तीन भाग चामल साट्ने चलन रहेको छ ।

## १.१६ वन जंगल

यस गाउँपालिकाको १२६८८.७ हे. (करिब ६६ प्रतिशत भन्दा बढी क्षेत्र) वनजंगलले ढाकिएको छ । यहाँ पाइने वनस्पतिहरुमा कोणधारी बिरुवाहरू जस्तै सल्लो, धुपी, ओखर, पदमचाल, भोजपत्र, उत्तिश, बाज, टिमुर, निगालो आदि प्रमुख रहेको छन् । वन्यजन्तुहरुमा मृग, घोरल, झारल, बाघ, भालु, चितुवा र विभिन्न चराचुरूंगीहरु, कालिज, लुइचे आदि पाइन्छ ।

## १.१७ पर्यटन

भौगोलिक सुन्दरता, स्थानीय मगर जातिको विशिष्ट मौलिक संस्कृति बोकेको रहन सहन, भेषभुषा र जैविक विविधताले भरिपूर्ण यस गाउँपालिकामा कृषि पर्यटनको पनि उत्तिकै सम्भावना रहेको छ। यस गाउँपालिका स्थित धार्मिक एवम् पर्यटकीय महत्व बोकेको जलजला पर्यटकीय क्षेत्र, साझाखोला घाटी झरना, उवा, उवाको यार्षा पदमार्ग (ट्रेल), वन जंगल र हरियाली, वन्य जीव जन्तुहरु, प्राकृतिक मनोरम सौन्दर्य आदिले गर्दा कृषि पर्यटनको पनि प्रचुर सम्भावना रहेको छ।

खण्ड ख

# गाउँपालिकास्तर कृषि विकास गुरुयोजना तर्जुमा

## २.१ पृष्ठभूमि

प्राकृतिक स्रोतहरुले भरिपूर्ण यस थवाङ्ग गाउँपालिकाका अधिकांश बासिन्दाहरुको मुख्य पेशा कृषि रहँदै आएको छ । नेपालको राजनीतिक परिवर्तनको केन्द्रबिन्दु समेत रहेको यस थवाङ्ग गाउँपालिकाका जनतामा राजनैतिक चेतनाको स्तर धेरै माथि भएपनि कृषि विकासको प्रतिफल अपेक्षाकृत रुपमा पाउन सकिरहेको छैन । भौगोलिक विकटता, पूर्वाधार विकासको कमी, दक्ष जनशक्ति तथा उन्नत प्रविधिको अभावले गर्दा कृषकहरु अझै पनि परम्परागत कृषि प्रणाली अपनाई रहेका छन् । कृषिसँगै एकीकृत रुपमा पशुपालन यहाँको कृषिको विशेषता हो । कृषि क्षेत्रको उत्पादकत्व अत्यन्त न्यून हुँदा आन्तरिक उत्पादनले स्थानीय माग पूर्ति गर्न सकेको देखिँदैन जसले गर्दा ठुलो परिमाणमा कृषिजन्य वस्तुहरू बाहिरबाट आयात गरिराख्नु परेको छ ।

एकातिर बढ्दो जनसंख्या तथा खाद्यान्न उपभोगको बदलिंदो परिदृश्यका सन्दर्भमा खाद्यान्नको माग बढ्दै गइरहेको छ भने अर्कोतर्फ परम्परागत खेती प्रणालीको कारण उत्पादन र उत्पादकत्व घट्दै गइरहेको छ । बिकट एवम् भिरालो भू-बनौट, जग्गाको खण्डिकरण, पूर्वाधार विकासको कमी, उन्नत प्रविधि र प्राविधिक सेवाको कमीले गर्दा कृषि क्षेत्रको व्यवसायिकीकरण र आधुनिकीकरण अपेक्षाकृत रुपमा हुन सकिरहेको छैन। फलस्वरूप, धेरै मानिसहरु कृषि पेशाबाटै पलायन हुने अवस्था सिर्जना भएको छ ।

अतः कृषि पेशालाई नाफामूलक, आयमूलक र सम्माजनक बनाउन कृषि क्षेत्रको रुपान्तरण जरुरी भईसकेको छ। दीगो रुपमा जीविकोपार्जनलाई सहयोग गर्न कृषि क्षेत्रको योजनाबद्ध रुपमा नीति, रणनीति र योजना तर्जुमा आवश्यक भएको छ । योजना तयारी आफैमा एउटा जटिल प्रक्रिया हो र सहि योजना छनौटले निर्दिष्ट उद्देश्य हासिल गर्न मद्दत पुऱ्याउँछ ।

कृषि क्षेत्रको व्यवसायिकीकरणको कुरा गर्दा लगानीको हिसाबले अत्यन्तै जोखिम रहेको तर पनि कृषि उत्पादन मानव जीवनसँग जोडिएकोले खाद्य पोषण सुरक्षाको लागि पनि राज्यले संरक्षण गर्नु पर्ने अपरिहार्य रहेको छ ।

एकातिर विकट भौगोलिक परिवेश, पूर्वाधारको अभाव, उन्नत प्रविधि र प्राविधिक सेवाको कमीले गर्दा कृषकहरुले उत्पादित वस्तुहरुको लागत बढी रहेको छ। अर्कोतर्फ विश्वव्यापिकरण एवं आर्थिक उदारीकरणले गर्दा हाम्रा कृषकहरुले उत्पादन गरेका कृषि उपजहरुले आन्तरिक र बाह्य बजारमा कडा प्रतिस्पर्धा गर्नुपर्ने हुँदा कृषकको प्रतिस्पर्धात्मक क्षमता बढाउन पूर्वाधार विकासको साथ साथै कृषिलाई व्यवसायिकीकरण र विविधिकरण गर्न विभिन्न प्रोत्साहनका कार्यक्रम सञ्चालन गर्नुपर्ने आवश्यक देखिन्छ ।

यीनै समस्याहरुलाई मध्यनजर गरेर बिगत देखि नेपाल सरकारले विभिन्न नीतिहरु र कार्यक्रमहरु जस्तै राष्ट्रिय कृषि नीति, २०६१, दिर्घकालिन कृषि योजना (APP) र हाल सालै कृषि विकास

रणनीति (ADS) लागु गरेको छ। सरकारले लिएको नीति र कार्यक्रमको मर्म र भावना अनुरुप कृषि व्यवसायलाई व्यवसायिक, प्रतिस्पर्धी एवं दीगो कृषि प्रणालीको विकासका लागि स्रोत साधनहरुको समुचित, समावेशी एवं समन्वयात्मक व्यवस्थापन र परिचालन, सुशासन प्रवर्द्धन र नतिजामुखी अनुगमन तथा मूल्यांकन गरी प्रमुख खाद्यान्न बालीहरु एवं पशुपन्छीको उत्पादन तथा उत्पादकत्व बृद्धि गरि खाद्य तथा पोषण सुरक्षा सुनिश्चित गर्न, गरिवी न्यूनिकरण गर्न र कृषकको जीवनस्तरमा सुधार ल्याउन बिगतमा जिल्ला कृषि विकास कार्यालय र जिल्ला पशु सेवा कार्यालय मार्फत विभिन्न कार्यक्रमहरु सञ्चालन हुँदै आएका थिए ।

नेपालको संविधान २०७२ को धारा ५६ ले "संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचनामा संघ, प्रदेश र स्थानीय गरि तीन तहका हुने र राज्य शक्तिको प्रयोग संघ, प्रदेश र स्थानीय तह गरि तीनै तहले संविधान र कानुन अनुसार गर्नेछ" भनी उल्लेख भएको छ। साथै नेपाल अधिराज्यको संविधानले २०७२ ले यी तीनै तहका सरकारहरुले संविधानले तोकिए बमोजिमको क्षेत्राधिकार भित्रका विषयहरुमा वार्षिक, आवधिक र रणनैतिक क्षेत्रगत मध्यकालिन तथा दिर्घकालिन विकास योजना बनाई लागु गर्नुपर्ने व्यवस्था गरेको छ । यसै व्यवस्था अनुरुप यी तीनै तहहरुले देशको समग्र कृषि क्षेत्रको विकासका लागी विभिन्न कार्य गर्दै आईरहेका छन्।

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छद ६ को दफा २४ को उप दफा १ अनुसार स्थानीय सरकारलाई स्थानीयस्तरको विकासको लागि आफ्नो क्षेत्राधिकार भित्रको बिषयहरुमा वार्षिक, आवधिक र रणनैतिक क्षेत्रगत मध्यकालिन तथा दीर्घकालिन विकास योजना बनाई लागु गर्नुपर्ने व्यवस्था गरेको छ । यस प्रकारको योजना तर्जुमा गर्दा संघीय सरकार, प्रदेश सरकारको नीति, लक्ष्य र उद्देश्य, समय सीमा र प्रक्रियासंग अनुकुल हुने गरि गर्नुपर्ने पनि ऐनमा उल्लेख गरेको छ । यसैगरी योजना तर्जुमा गर्दा सुशासन, वातावरण मैत्री, लैंगिक तथा सामाजिक समावेशिकरण जस्ता अन्तरसम्बन्धित बिषयहरुलाई समेत ध्यान दिनुपर्ने स्पष्ट व्यवस्था गरेको छ। यसका अतिरिक्त योजना तर्जुमा गर्दा प्रथामिकीकरण गर्नुपर्ने बिषयहरु, स्थानीय तहले कार्य सम्पादन गर्दा मितव्ययी र प्रभावकारी सेवा प्रबाह सम्बन्धी व्यवस्था स्पष्ट रुपमा उल्लेख गरेको छ। उक्त ऐनले स्थानीय सरकारलाई कृषि तथा पशुपालन, कृषि उत्पादन, व्यवस्थापन र पशु स्वास्थ्य सम्बन्धी स्थानीय कानुनहरु, मापदण्ड, योजना कार्यान्वयन, अनुगमन, नियमन गर्ने अधिकारहरु समेत सुम्पेको छ । ऐनले आवश्यक परेको खण्डमा सहकारी संस्था सम्बन्धी स्थानीय कानुनको तर्जुमा गर्ने लगायत कृषि तथा पशुपंक्षी बजार सूचना, बजार तथा हाट बजारको पूर्वाधार निर्माण, साना सिंचाई, तालिम, प्रविधि प्रसार, प्राविधिक सेवा, कृषि सामग्री आपूर्ति र कृषक क्षमता विकास कार्यक्रमहरूको सञ्चालन, अनुगमन र नियमन गर्ने जस्ता अधिकार पनि स्थानीय सरकारमा नीहित रहेको उल्लेख गरेको छ ।

स्थानीय सरकार सञ्चालन ऐनले दिएको अधिकार क्षेत्र भित्र रही गाउँपालिकाले कृषि क्षेत्रको विकासका लागि कृषिमा आधुनिकीकरण र व्यवसायिकीकरणमा जोड दिएको छ। जस अनुसार कृषिलाई आधुनिकीकरण गर्न विभिन्न बाली वस्तुहरुको पकेट र ब्लकको अबधारणा अनुसार कार्यक्रम सञ्चालन, युवाहरुलाई कृषिमा आकर्षण गर्न विभिन्न युवा लक्षित कार्यक्रमहरु, बेमौसमी तरकारी खेती, एक गाउँ एक उत्पादन, एक गाउँ एक प्राविधिक, एक घर एक बिरुवा, खाद्यान्न, मासु र अन्डामा आत्मनिर्भर आदि कार्यक्रमहरु सञ्चालन गर्दै आइरहेको छ। कृषिको व्यापारिकरण गर्न स्याउ, ओखर, टिमुर आदिको उत्पादन, बाख्रा पालन, भैंसी पालन आदिलाई जोड दिएको छ । यसको अतिरिक्त संघीय र प्रदेश सरकारबाट प्राप्त सशर्त र वित्तीय समानिकरण मार्फत प्राप्त बजेट तथा कार्यक्रम र प्रदेश सरकार सरकार अन्तरगतका जिल्ला स्थित कृषि ज्ञान केन्द्र र पशु स्वास्थ तथा बिज्ञ केन्द्र मार्फत पनि विभिन्न कार्यक्रमहरु सञ्चालन हुँदै आइरहेका छन् ।

यद्यपि, स्थानीय सरकार आफैमा स्वायत्त भए पनि भौतिक पूर्वाधारको कमी, दक्ष जनशक्तिको अभाव, आवश्यक ऐन, नीति एवं कार्यविधि र योजनाको अभावमा गाउँपालिकाको कृषि कार्यक्रम कार्वान्यिनमा केही असहजता देखिएको छ। यसै पृष्ठभूमिमा कृषि कार्यक्रमहरुलाई योजनाबद्ध रुपमा तर्जुमा गरी स्पष्ट नीति र रणनीति लिएर कार्यान्वयन गरी कृषि उत्पादन र उत्पादकत्व वृद्धि गरेर कृषकको आम्दानी एवं रोजगारीका अवसर सिर्जना गर्ने उद्देश्यले थवाङ्ग गाउँपालिकाको कृषि विकास गुरूयोजना (२०७९/०८० - २०८३/०८४) गरिएको छ । यस योजनाले थवाङ्ग गाउँपालिकाको कृषि र पशु विकासको लागि दीर्घकालिन सोच निर्धारण गरि आगामी ५ वर्षभित्र के कस्ता कार्यक्रमहरु सञ्चालन गरेर के-कस्तो उद्देश्य हासिल गरिन्छ भनेर लक्ष किटान सहित सो प्राप्तिको लागि आवश्यक स्रोतहरुको समेत व्यवस्था गरेको छ । यस प्रकारको कृषिको योजना तयारीले गाउँपालिकाको विद्यमान अवस्थाको विश्लेषण गरि आगामी वर्षहरुमा वार्षिक योजना तर्जुमा गर्न मार्गदर्शक समेत हुने विश्वास गरिएको छ ।

## २.२ उद्देश्य

यस अध्ययनको मुख्य उद्देश्य गाउँपालिकाको भौगोलिक सम्भाव्यता, पूर्वाधार, कृषकको आवश्यकता, बजारको माग, मौजुदा उपलब्ध जनशक्ति र प्रविधिको विश्लेषण गरी गाउँपालिकाको कृषि विकास गुरूयोजना तयार गर्नु रहेको छ । यसैगरी यस कार्यको विशेष उद्देश्यहरु निम्नानुसार रहेका छन्:

- गाउँपालिकास्तरको समग्र कृषि क्षेत्रको वर्तमान अवस्थाको चित्रण गर्ने,
- गाउँपालिकाको समग्र कृषि क्षेत्रको सवल, दुर्वल, अवसर र चुनौतिहरु (SWOT) को विश्लेषण गर्ने,
- कृषि क्षेत्रको विकास तथा प्रवर्द्धनका लागी नीतिगत सुझाव सहितको कार्य योजना र कार्यान्वयन खाका तयार गर्ने ।

## २.३ अध्ययन विधि

यो अध्ययन कार्यको लागि आवश्यक पर्ने तथ्याङ्कहरु संकलन गर्न प्राथमिक तथ्याङ्कको रुपमा स्थलगत अवलोकनका साथै स्थलगत रुपमा कायक्षेत्रमै गएर उद्देश्यगत छनौट तरिकाबाट छनौट गरिएका कृषकहरु, समूहहरु, कृषि प्राविधिकहरु र राजनैतिक कार्यकर्ताहरु र जन प्रतिनिधिहरुसँग विभिन्न समूहगत छलफल र प्रश्नावलीहरुको माध्यमबाट तथ्याङ्कहरु संकलन गरिएको थियो (अनुसूची २४,२५,२६ र २७) । यस अध्ययनमा मौजुदा कृषिको अवस्थाको बारेमा प्रत्येक वडाहरुबाट १० जना सक्रिय कृषकहरुको छनौट गरेर ५० जनासँग जानकारी लिइएको थियो (अनुसूची ११)। यसैगरि वडाहरुको समग्र कृषिको अवस्थाको बारेमा जानकारी लिन प्रगतिशील कृषकहरु भेला गराई सो विषयमा सामूहिक छलफल गरिएको थियो (अनुसूची ७, ८, ९ र १०)। गाउँपालिकाको समग्र कृषि कार्यक्रमहरु सञ्चालनको विद्यमान अवस्था र नीतिगत सुधारको लागि निर्बाचित जन-प्रतिनिधिहरु र राजनैतिक पार्टीका प्रतिनिधिहरुलाई पनि प्रश्नावलीको माध्यमबाट जानकारी लिईएको थियो। गाउँपालिकाको कृषि र पशु सेवाहरुको विद्यमान संरचना, कृषि प्रसार कार्यक्रमहरु र सेवा प्रवाहको अवस्था र मौजुदा संरचनामा सुधारको बारेमा गाउँपालिका र वडाहरुमा कार्यरत कृषि र भेटेरिनरी सेवाका प्राविधिकहरुसँग पनि प्रश्नावलीको माध्यमबाट सूचना एवम् तथ्याङ्कहरु संकलन गरिएको थियो। तथ्याङ्कहरूको अन्य स्रोतहरुमा विभिन्न गाउँपालिका र अन्य निकायहरुबाट प्रकाशित प्रगति प्रतिवेदन एवं तथ्याङ्कहरू रहेका छन्। यसका अतिरिक्त गाउँपालिकाको गाउँपालिका र वडाहरुको भूगोल, हावापानी, माटोको अवस्था र प्राकृतिक स्रोतहरूसँग सम्बन्धित तथ्याङ्कहरु (स्रोत नक्सा) तयारीका लागि GIS प्रविधिको प्रयोग गरी तथ्याङ्कहरू संकलन गरिएको थियो।

यसको साथै कृषि तथा पशुपन्छी विकास मन्त्रालय, केन्द्रीय तथ्याङ्क विभाग, जिल्लास्थित कृषि ज्ञान केन्द्र, जिल्ला पशु स्वास्थ्य तथा विज्ञ केन्द्र, जिल्ला वन कार्यालय, सिंचाई डिभिजन कार्यालय, घरेलु तथा साना उद्योग कार्यालय, नापी कार्यालय आदिका प्रमुख तथा प्राविधिकहरुसँग छलफल र ती कार्यालयहरुबाट प्रकाशित तथ्याङ्क र प्रतिवेदनहरु पनि अध्ययनमा समाबेश गरिएको छ।

गाउँपालिकाको कृषि योजना तयारीको सम्बन्धमा प्राप्त प्राथमिक र अन्य स्रोतहरुबाट संकलित तथ्याङ्कहरूको उपयुक्त विधिद्वारा कम्पाइल, टेबुलेशन र विश्लेषण गरि विश्लेषणको आधारमा प्रारम्भिक नतिजाहरुलाई गाउँपालिका जनप्रतिनिधिहरु, स्थानीय बुद्धिजीवीहरु र गाउँपालिकाको अन्य कर्मचारीहरुको उपस्थितिमा सार्बजनिकरण गरि उक्त छलफलमा प्राप्त सुझावहरु समेत समाबेस गरि तयार गरिएको छ । उक्त सार्बजनिक सुनुवाईमा उपस्थित महानुभावहरुको नामावली अनुसूची ११ मा समाबेश छ ।

## २.४ अध्ययनको कार्यक्षेत्र

यस अध्ययनको लागि थवाङ्ग गाउँपालिका र गाउँपालिका अन्तरगतका १, २, ३, ४, ५ वडाहरुका क्षेत्रहरु समाबेस गरिएको छ (चित्र १)।




**चित्र १. कृषि योजना अध्ययनको कार्यक्षेत्र**

## २.५ तथ्याङ्कको कम्पाइलेसन, टेबुलेशन र विश्लेषण विधि

यसरि प्राथमिक र अन्य स्रोतहरुबाट प्राप्त तथ्याङ्कहरु, विवरणहरु/सूचनाहरुलाई उपयुक्त विधिद्वारा कम्पाइल, टेबुलेशन र बर्णनात्मक विश्लेषण गरि प्राप्त नतिजाहरुलाई खण्ड ३ मा प्रस्तुत गरिएको छ।

## २.६ अध्ययनको सीमितता

प्रतिकुल मौसम एवं अप्रत्यासित कोभिड-१९ को दोश्रो लहर ओमिक्रोनको संक्रमण विस्तारका कारण गाउँपालिकाका सबै क्षेत्रमा पुग्न नसकिएको तर वडा अध्यक्षज्यूहरुको समन्वयमा प्रत्येक वडाहरुमा लक्षित समूह छलफल (focus group discussion) मार्फत सूचनाहरु संकलन गरिएको थियो। गाउँपालिकामा हालसम्म पनि कतिपय तथ्याङ्कहरु सृजना हुने नगरेका, भएकाको पनि

व्यवस्थित अभिलेख नभएको र कतिपय कृषिसँग सम्बन्धित उपलव्ध तथ्याङ्कहरुको पर्याप्त विश्वसनियता नभएको देखिएकोले group discussion लाई आधार लिइएको छ।

## २.७ अध्ययनको मार्गचित्र (Conceptual framework)




**चित्र २. Conceptual framework**

यस मार्गचित्रले नेपाल सरकाले संघीयता कार्यान्वयनको सिलसिलामा विगतमा संघीय सरकार मार्फत सञ्चालन गरिएको कृषि प्रसारको कार्यक्रमहरु स्थानीय निकायहरूलाई हस्तान्तरण गरेको तर स्थानीय निकायहरुसँग पर्याप्त जनशक्ति, अनुभव र पूर्वाधार विकासको अभावमा कृषि विकासको कार्यक्रमबाट अपेक्षाकृत प्रतिफल प्राप्त हुन नसकिरहेको परिप्रेक्ष्यमा विद्यमान सञ्चालन प्रक्रिया, कार्यक्रमहरु वा संरचनामा के कस्तो सुधारहरु वा परिवर्तनहरु गरे कृषि क्षेत्रको आधुनिकीकरण र व्यावसायीकरण गर्न सकिन्छ र यसको लागि आवश्यक पर्ने तथ्याङ्कहरु/जानकारीहरु कसरी संकलन गर्ने भन्ने मार्गचित्र प्रस्तुत् गरिएको छ (चित्र २) ।

## खण्ड ग

# तथ्याङ्कहरुको विश्लेषण र नतिजाहरु

यस खण्डमा थवाङ्ग गाउँपालिकाको कृषि योजना तयार गर्ने क्रममा फिल्डबाट प्राप्त तथ्याङ्कहरू, विभिन्न निकायहरुमा प्रकाशित प्रगति प्रतिवेदनहरु एवं अन्य स्रोतहरुबाट प्राप्त तथ्याङ्कहरू, कम्पाइलेसन, टेबुलेशन र विश्लेषणको आधारमा प्राप्त नतिजाहरु प्रस्तुत गरिएको छ।

## क. थवाङ्ग गाउँपालिकाको विद्यमान अवस्थाहरु

## ३.१ थवाङ्ग गाउँपालिकको भू-उपयोगको स्थिति विश्लेषण

नापी विभागको २०७४ मा प्रकाशित प्रतिवेदन अनुसार थवाङ्ग गाउँपालिकाको कुल क्षेत्रफल १९१०३.९९ हेक्टर रहेको छ। उक्त कुल क्षेत्रफलको भू-उपयोगको अवस्था तालिका ५ मा उल्लेख भए अनुसार रहेको छ।

**तालिका ५. थवाङ्ग गाउँपालिकको भू-उपयोगको स्थिति बिश्लेषण**

| क.सं. | जमीनको उपयोग | क्षेत्रफल (हे.) | प्रतिशत (%) |
|---|---|---|---|
| १ | जंगल | १२,६८८.८८ | ६६.४ |
| २ | कृषि | ५,८२५.७९ | ३०.५ |
| ३ | नदि, ताल र तलैया | २३५.८८ | १.२ |
| ४ | आबास | ७७.४७ | ०.४ |
| ५ | सार्बजनिक | ६६.७१ | ०.३ |
| ६ | व्यवसायिक खेती | ११.३७ | ०.१ |
| ७ | खानी र खनिज सम्पदा | १.९४ | ०.० |
| ८ | संस्कृतिक सम्पदा / पुरातात्विक सम्पदा | ०.०७ | ०.० |
| ९ | अन्य | १९५.८९ | १.० |
|  | **जम्मा** | **१९,१०३.९९** | **१००.०** |

*स्रोतः नापी विभाग, २०७४*

थवाङ्ग गाउँपालिकको कुल क्षेत्रफल १९१०३.९९ हेक्टर रहेको छ। जसमध्ये जंगलले ढाकेको क्षेत्रफल १२६८८.८८ हेक्टर (६६.४%), कृषिले ढाकेको क्षेत्रफल ५८२५.७९ हेक्टर (३०.५%) र बाँकी नदि, ताल तलैया, वन, सार्वजनिक जग्गा, खानी र खनिज क्षेत्र, पुरातात्विक सम्पदा र अन्य रहेको छ । तालिका ५ अनुसार व्यावसायिक खेतीले ढाकेको क्षेत्रफल अत्यन्त कम अर्थात् ११.३७ हेक्टर रहेको छ। यस तथ्याङ्कको विश्लेषण गर्दा थवाङ्ग गाउँपालिकामा कृषि व्यवसायको अतिरिक्त वनमा आधारित व्यवसायहरू, जडिबुटी खेती, पशुपालन र पर्यटन व्यवसायको पनि उत्तिकै राम्रो सम्भावना रहेको देखिन्छ। भू उपयोगको वडागत बाँडफाँड हेर्दा वडा नं. ५ ले

कूल भूभाग १९१०३.९ हे. मध्ये ४३७०.५४ हे. (२२.८%), वडा नं. ४ ले ४१५५.७८ हे. (२१.९६%), वडा नं. ३ ले ४०५५.७८ हे. (२१.२%), वडा नं. २ ले ३३१८.५ हे. (१७.३७%) र वडा नं. १ ले ३१६३.२८ हे. (१६.५%) ओगटेको देखिन्छ (अनुसूची १७) ।

## ३.२ खेतीयोग्य जमीनको विवरण

गाउँपालिकाको कूल क्षेत्र १९१०३.९ हे. मध्ये खेतीयोग्य जमीन ५८२५.७९ हे. रहेको छ, जसको वडागत बाँडफाँड हेर्दा वडा नं. १ मा ९८५.५३ हे., वडा नं. २ मा ७५८.६७ हे., वडा नं. ३ मा ११०२.३४ हे., वडा नं. ४ मा १५११.९८ हे. र वडा नं. ५ मा १४६७.२८ हे. रहेको देखिन्छ (अनुसूची १७) ।

कुल खेतीयोग्य जमीन ५८२५.७९ हेक्टर मध्ये ५०११.५५ हे. अर्थात् (८६%) भन्दा बढी क्षेत्रमा मुख्य बालीहरुको रुपमा मकै र आलुको खेती गरिन्छ। यहाँ आलु खेती मुख्य गरेर वर्षा याममा एकल बाली वा मकैसँग मिश्रित रुपमा खेती गर्ने चलन रहेको छ। मकै यहाँको प्रमुख खाद्यान्न बाली रहेको छ। मकै संगै सिमीहरु, भट्टमास मिश्रित खेती गर्ने चलन पनि रहेको छ। हिउँदे सिजनमा गहुँ, जौ तोरी, मसुरो र तरकारी बालीहरुको खेती गरिन्छ। यहाँ खेती गरिने अन्य खाद्यान्न बालीहरुमा गहुँ, जौ, कोदो, फापर आदि रहेका छन्।

फलफूल खेतीमा मुख्य गरेर स्याउ, ओखर, नासपाती, आरु, आरुबखडा, किवी आदिको पनि खेती गरेको पाइएको छ। थवाङ्ग गाउँपालिकाको केही वडाहरुमा अमिलो जातका फलफूल जस्तै कागती र सुन्तला तथा केराको पनि खेती गरेको पाइएको छ। तुलनात्मक रुपमा थवाङ्ग गाउँपालिकामा फलफूल खेतीले ढाकेको क्षेत्रफल नगन्य रहेको छ भने झाडी र बुट्यानले ढाकेको क्षेत्रफल ५२८.२० हेक्टर अर्थात् (९%) रहेको छ।

गाउँपालिकाको कुल खेतीयोग्य जमीन ५८२५.७९ हेक्टर जग्गा मध्ये विभिन्न बालीहरुले ढाकेको क्षेत्रफल यस प्रकार रहेको छ।

**तालिका ६. विभिन्न बालीहरुले ढाकेको क्षेत्रफल**

| क्र.सं. | कृषियोग्य जमीन | क्षेत्रफल (हे.) | प्रतिशत |
|---|---|---|---|
| १ | भाङ्गो खेती | ३.५६ | ०.०६ |
| २ | बुट्यान रुखहरु | ६.४६ | ०.११ |
| ३ | चरण क्षेत्र | १२८.७२ | २.२१ |
| ४ | खेती गर्न छोडेको जग्गा | ९९.०८ | १.७० |
| ५ | मकैसंगै आलु र अन्य बालीहरु | ५०११.५५ | ८६.०२ |

| क्र.सं. | कृषियोग्य जमीन | क्षेत्रफल (हे.) | प्रतिशत |
|---|---|---|---|
| ६ | झाडी | ५२१.७४ | ८.९६ |
| ७ | सुन्तालाजात फलफूलहरु | १९.६८ | ०.३४ |
| ८ | स्याउसंगै भंगो खेती | २.१८ | ०.०४ |
| ९ | स्याउ | २६.१५ | ०.४५ |
| १० | अन्य | ६.६६ | ०.११ |
|  | **जम्मा** | **५८२५.७९** | **१००.००** |

*स्रोतः नापी विभाग, २०७४*

तालिका ६ को तथ्याङ्क विश्लेषण गर्दा थवाङ्ग गाउँपालिकको कुल खेती गरिएको क्षेत्रफल ५८२५.७९ हेक्टर मध्ये ९९.०८ हे. (१.७०%) जमीन खेती गर्न छोडेको देखिनु अत्यन्त दुख लाग्ने कुरा हो र गाउँपालिकाले उक्त जमीनलाई व्यावसायिक खेतीको लागि पहल गर्नुपर्ने देखिन्छ। साथै गाउँपालिका क्षेत्रभित्र प्रशस्त झाडी, बुट्यान र खेती गर्न छोडेको जग्गा गरेर करिब ७०० हेक्टर खाली जग्गा देखिएकोले पशुपालनको पनि प्रशस्त सम्भावना देखिएको छ।

## ३.३ बाली चक्र प्रणाली

थवाङ्ग गाउँपालिकाको बाली प्रणाली विश्लेषण गर्दा मुख्य गरेर २ प्रकारको बाली प्रणाली रहेको पाइएको छ। उच्च पहाडी क्षेत्रमा प्रायजसो मकै वा आलुमा आधारित एकल बाली प्रणाली र पहाडी र बेसी क्षेत्रहरुमा दोहोरो बाली प्रणाली र केही ठाउँमा मिश्रित खेती प्रणाली रहेको पाइएको छ। यहाँको मुख्य खाद्यान्न बालीमा मकै, गहुँ/जौ र आलु, कोदो आदि प्रमुख बालीहरु रहेका छन्। मकै र आलु वा मकै बाली भित्र अन्य बाली मिश्रित रुपमा खेती चलन चल्ती बढी रहेको पाईन्छ। मकैमा सिमी/बोडी मिश्रित बालीको रुपमा खेती गर्ने चलन पाइएको छ। हिउँदमा गहुँ/जौ बालीमा तोरी, मसुरो वा केराउको मिश्रित रुपमा खेती गर्ने चलन रहेको पाइएको छ। गाउँपालिकाको केही क्षेत्रहरुमा भाङ्गो खेती पनि गरिएको पाइएको छ। यसको अलावा विभिन्न जातका तरकारीहरू जस्तै काउली, बन्दा, मुला, रायो साग, फर्सी, लहसुन, प्याज, खुर्सानी, धनिया, हलेदो, गाजर आदिको खेती र केही क्षेत्रमा व्यावसायिक रुपमा ओखर र स्याउ खेतीको सुरुवात भएको पाइएको छ। यहाँ प्रचलित खेती प्रणाली यस प्रकार रहेको पाइएको छ।

**तालिका ७. बाली चक्र प्रणाली**

| | | | |
|---|---|---|---|
| १. | मकै | - | गहुँ/जौ |
| २. | आलु | - | गहुँ/जौ |
| ३. | आलु+मकै | - | गहुँ/जौ+मसुरो |
| ४. | मकै+सिमी/ भट्टमास | - | तोरी |
| ५. | मकै | - | बाँझो |
| ६. | मकै+सिमी+भाङ्गो | - | गहुँ/जौ |
| ७. | तरकारी | - | गहुँ/जौ/फापर |
| ८. | तरकारी | - | आलु |
| ९. | गहुँ/जौ+तोरी+केराउ | - | कोदो, फापर |
| १०. | स्याउ/ओखर+आलु | | |
| ११. | तोरी | - | मकै/आलु |

## ३.४ विभिन्न बालीहरुले ढाकेको क्षेत्रफल, उत्पादन र उत्पादकत्व

थवाङ्ग गाउँपालिकामा खेती गरिने मुख्य बालीहरुमा मकै, आलु, जौ, गहुँ, कोदो, सिमी, भट्टमास, काउली, बन्दा, रायो, मुला, लहसुन, प्याज, फर्सी, खोर्सानी, धनिया आदि प्रमुख छन्। फलफूलहरुमा स्याउ, ओखर, नासपाती, आरु, आरुबखडा, किवी, कागती, सुन्तला र केराको पनि खेती गरेको पाइएको छ। यी बालीहरुको अलावा रैथाने बालीहरु चिनो, फापर, कागुनो आदिको पनि खेती गरिँदै आएको छ।

**तालिका ८. थवाङ्ग गाउँपालिकामा विभिन्न बालीहरु क्षेत्रफल, उत्पादन र उत्पादकत्व**

| क्र.सं. | बाली | क्षेत्रफल हे. | उत्पादन मे.टन/हे | उत्पादकत्व मे.ट/हे |
|---|---|---|---|---|
| १ | मकै | २,०००.० | ४,४००.० | २.२ |
| २ | गहुँ | ३००.० | ६००.० | २.० |
| ३ | जौ | ५००.० | ९००.० | १.८ |
| ४ | कोदो | १००.० | १७०.० | १.७ |
| ५ | आलु | १,०००.० | १२,६००.० | १२.६ |
| ६ | तरकारी | ५००.० | ३७५०.० | ७.५ |
| ७ | सिमी, भट्टमास, मसुरो | ५००.० | १०६०.० | २.१२ |
| ८ | तोरी | ५०.० | ५०.० | १.० |

| क्र.सं. | बाली | क्षेत्रफल हे. | उत्पादन मे.टन/हे | उत्पादकत्व मे.ट/हे |
|---|---|---|---|---|
| ९ | रैथाने बालीहरु (फापर, चिनो...) | ६०.० | ६०.० | १.० |
| १० | फलफूल (स्याउ, ओखर, किवी, नास्पाती, कागती, सुन्तला, र केरा) | ३००.० | २७७५.० | ९.२५ |
| ११ | अन्य | ५१५.७९ | - | - |
| | **जम्मा** | **५८२५.७९** | **२६३६५.०** | |

*श्रोतः फिल्ड सर्भे, २०७८*

तालिका ८ अनुसार थवाङ्ग गाउँपालिकामा क्षेत्रफलको हिसाबले एकल मकै बालीले मात्र २००० हे. अर्थात करिब ३४% क्षेत्रफल ओगटेको देखिन्छ भने आलु खेतीले मात्र १००० हेक्टर अर्थात् १७% क्षेत्रफल ओगटेको देखिन्छ। स्थलगत छलफलमा थवाङ्गमा बिगतमा गहुँ बाली धेरै क्षेत्रफलमा खेती गर्दै आएकोमा हालका दिनहरुमा धेरै कम क्षेत्रफलमा गहुँ खेती गरिने गरेको र पशु आहार (दाना) मा जौ प्रयोग गरिने हुँदा जौ, आलु र स्याउ/ओखर खेतीको क्षेत्रफल बढेको जानकारी प्राप्त भएको छ।

थवाङ्ग गाउँपालिकाको प्रमुख खाद्यान्न बालीहरुमा मकै, जौ, गहुँ र कोदो रहेको छन्। यी बालीहरुको उत्पादन र उत्पादकत्वको हिसाबले मकै २.२ मे.टन प्रति हेक्टर पाइएको छ जुन जिल्लाको औसत उत्पादन २.५७ मे.टन भन्दा कम रहेको, गहुँ २.० मे.टन प्रति हेक्टर जुन जिल्लाको औसत उत्पादन २.९६ मे.टन भन्दा कम रहेको र कोदोको उत्पादन १.७ मे.टन प्रति हेक्टर रहेको जुन जिल्लाको औसत १.१५ मे.टन प्रति हेक्टर रहेको भन्दा बढी रहेको देखिन्छ। यसैगरी आलु १२.६ मे.टन प्रति हेक्टर र फलफूलको उत्पादन ९.२५ मे.टन प्रति हेक्टर र तरकारीहरुको ७.५ मे.टन प्रति हेक्टर रहेको छ जुन जिल्लाको औसत उत्पादन भन्दा कम रहेको पाइएको छ।

## ३.५ खाद्यान्न वासलात

गाउँपालिकामा उत्पादित खाद्यान्नहरुमा मकै, जौ, गहुँ, कोदो प्रमुख रहेको छ। यी बालीहरुको उत्पादन क्रमशः मकै २.२ मे.टन/हे., गहुँ २.० मे.टन/हे., जौ १.८० मे.टन/हे. र कोदो १.७ मे.टन/हे. रहेको छ। गाउँपालिकामा उत्पादित खाद्यान्न र उपयोगको वासलात तल तालिका ९ मा प्रस्तुत गरिएको छ ।

**तालिका ९. थवाङ्ग गाउँपालिकाको खाद्यान्न वासलात**

| क्र.सं. | बाली | क्षेत्रफल | उत्पादन | उत्पा दकत्व | बीउ उपयोग | भण्डारण नोक्सानी १०% | दाना ३५% | अखाद्य प्रयोग १५% | बाँकी परिमाण | प्रसोधित उत्पादन | प्रसोधन नोक्सानी | खुद उपयोग योग्य उत्पादन |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | मकै | २००० | ४४०० | २.२ | ५० | ४३५ | १३७०.२५ | ३७९.४६ | २१६५.३ | १४९४.०५ | १४.९४ | १४७९.११ |
| २ | गहुँ | ३०० | ६०० | २.० | ३० | ५७ | ७७ | ६५.४ | ३७१.५ | २४८.९ | २.४८ | २४६.४२ |
| ३ | जौ | ५०० | ९०० | १.८ | २० | ८८ | २७७.२ | ७७.२ | ४३७.६ | १२२.५२ | ३.१ | ३११.९८ |
| ४ | कोदो | १०० | १७० | १.७ | २ | १६.८ | ५२.९२ | १४.७४ | ८३.५४ | ६८.५ | ०.६८ | १५४.६४ |
| | | | | | | | | | | | | २१९२.१५ |

**परिमाण मे.टन तथा क्षेत्रफल हेक्टरमा*

थवाङ्ग गाउँपालिकाको जनसंख्या (२०७८) अनुसार ११००८ रहेकोमा विश्व खाद्य तथा कृषि संगठन (FAO) को सिफारिश अनुसार प्रति व्यक्ति प्रति वर्ष २२९ के.जी. खाद्यान्नको आवश्यकता पर्ने सिफारिशलाई आधार मानेर हिसाब गर्दा थवाङ्ग गाउँपालिकामा कुल जम्मा २५२०.८३ मे.टन खाद्यान्न वार्षिक रुपमा आवश्यक पर्नेमा गाउँपालिकामा कुल खाद्यान्न २१९२.१५ मे.टन मात्र उत्पादन भएकाले करिब ३२८.७ मे.टन खाद्यान्न उत्पादन अपुग भएको देखिन आउँछ। खाद्यान्न नपुग हुनको प्रमुख कारणहरुमा उत्पादकत्व कम हुनु, पशुपन्छीको आहारा र गैह्र खाद्यान्नको रुपमा प्रयोग हुनु देखिएको छ। गाउँपालिकामा नपुग खाद्यान्न दैनिक ज्यालादारी, पशुपन्छीहरु बिक्रि र भाङ्गोसँग चामल साटेर वा बिक्रि गरेर पुरा गर्ने गरेको जानकारी प्राप्त भएको छ।

## ३.६ भू-अवस्थिति र हावापानी

थवाङ्ग गाउँपालिका समुन्द्र सतहबाट १२५४.० मि. देखि ३५७३.० मिटर उचाई सम्म फैलिएको छ। भूगोलका हिसाबले यस गाउँपालिका बिकट र भिरालो अवस्थितिमा रहेको छ। तुलनात्मक रुपमा वडा नं १ को भूगोल अलि धेरै समथर क्षेत्र रहेको पाइएको छ। हावापानीको हिसाबमा यहाँ सम-शितोष्ण देखि शितोष्ण र केही उच्च भागहरुमा टुन्ड्रा (हिउ जम्ने) प्रकारको हावापानी पाइन्छ। गाउँपालिकाको वडा नं. ५ को उवा बेसीको केही भागहरुमा फरक भू धरातलले गर्दा (१३०० मिटर भन्दा कम उचाई) बेसी क्षेत्रहरु पाइने न्यानो प्रकारको शुक्ष्म जलवायु पनि पाइन्छ। जलवायुको हिसाबले यस क्षेत्रमा व्यावसायिक रुपमा पतझड फलफूलहरु खास गरेर ओखर, स्याउ, खुर्पानी, नासपाती, आरु, आरुबखडा, किवि, एभोकाडो, अंगुर खेती उपयुक्त देखिन्छ भने बेसी भागहरुमा (वडा नं. ३, ४ र ५ का केही क्षेत्रहरु) अमिलो जातका फलफूलहरु (कागती), केरा आदिको पनि सम्भावना रहेको छ। हावापानीको दृष्टिकोणले यहाँ खाद्यान्न बालीहरु जस्तै मकै, गहुँ, जौ, कोदो, उवा, फापर र विभिन्न तरकारी बालीहरु काउली, बन्दा, रायो, मुला, धनिया, अदुवा, लहसुन, खुर्सानी, सिमी, भट्टमास, केराउ र आलु खेतीको लागि उपयुक्त देखिन्छ। हावापानी र चरनको क्षेत्रको हिसाबले यस गाउँपालिकामा पशुपालनको पनि प्रशस्त सम्भावना रहेको छ। यस गाउँपालिकामा प्रशस्त वन जंगल, बुट्यान र खर्क रहेकोले पशुपालनमा भेडाबाख्राको प्रशस्त सम्भावना रहेको छ। पशुपालनको कुरा गर्दा यहाँ गाई, भैंसी, भेडाबाख्रा, बंगुर पालन र सीमित संख्यामा घोडा/खच्चर पालन गरेका छन् (अनुसूची १३, १४)।

गाउँपालिका अन्तर्गतका वडाहरुमा पाइने जलवायुको विश्लेषण गर्दा प्रायः सबै गाउँपालिकाको क्षेत्रमा शितोष्ण र सम-शितोष्ण प्रकारको जलवायु रहेको पाइएको छ भने वडा नं. ५ का केही भागमा उपोष्ण प्रकारको (गर्मी) हावापानी रहेको पाइएको छ, जुन र अमिलो जातका फलफूलहरु र केरा खेती लागि पनि उपयुक्त देखिएको छ।

फलफूल खेतीको लागि हावापानीको कुरा गर्दा खास गरेर समुन्द्र सतहबाट उक्त स्थानको उचाई मापनलाई मापदण्ड बनाउने हो भने थवाङ्ग गाउँपालिकको धेरैजसो क्षेत्रमा स्याउ खेती गर्न सकिन्छ तरपनि जमीनको मोहडा, औसत वर्षा आदिका हिसाबले सबै क्षेत्रमा स्याउ खेती गर्न उपयुक्त देखिंदैन। थवाङ्ग गाउँपालिकामा वर्षायाममा धेरै पानी पर्ने भएकोले यहाँ उत्पादित स्याउको गुणस्तर त्यति राम्रो हुँदैन।स्याउ खेतीको अलावा हावापानीको दृष्टिकोणले थवाङ्ग गाउँपालिकाको प्रायः क्षेत्रहरु ओखर, नासपाती, खुर्पानी, किवी आदि खेतीको लागि उपयुक्त देखिन्छ। स्याउ खेतीको लागि मुख्य गरेर वडा नं. १ को चलावाङ्ग, फन्तिवाङ्ग, खर्गवाङ्ग, मागेखर्क, खेरवाङ्ग, वडा नं. २ को छेर्लोवाङ्ग, ज़िङ्गलुप, वोडा नं. ३ को जाय, थापखोरिया, राना गाउँ, पर्जा र भित्रिवन क्षेत्र, वडा नं. ४ को गुरासे, मालागिरी, तेलखोला, फल्वाङ्ग र जुतर, वडा नं. ५ को फलावाङ्ग, जोगिधारा आदि उपयुक्त देखिएका छन्।

यस्तै प्रकारले वडा नं. ५ को सिरक्यांग बेसी, गोथवाङ्ग, बडा नं ३ को मिरुल आदि क्षेत्रमा सीमित मात्रामा अमिलो जातका फलफूलहरु र केरा खेती उपयुक्त देखिएको छ । आलु खेती र मकै बाली खेती गाउँपालिकको प्रायः सबै क्षेत्रहरूमा गरिन्छ । पशुपालनमा गाई, भैंसी, भेडा बाख्रा, सुंगुर पालन सबै क्षेत्रमा गरिएको छ ।

## ३.७ जमीनको भिरालोपना

थवाङ्ग गाउँपालिकको धेरैजसो भू-धरातल भिरालो (३० डिग्री भन्दा माथि भिरलोपना) रहेकोले भू-संरक्षणका दृष्टिकोणले यस्ता क्षेत्रमा खाद्यान्न बालीहरुको खेती भन्दा फलफूल खेती, पशुपालन, वृक्षारोपण र कृषि पर्यटन आदि व्यवसाय सञ्चालन गर्न उपयुक्त देखिन्छ। तुलनात्मक रुपमा वडा नं. १, ४ र ३ का केही स्थानहरुमा समतल जग्गा रहेको जुन खाद्यान्न बाली उत्पादनको लागि उपयुक्त देखिन्छ (अनुसूची १५)।

## ३.८ माटोको बनावट

नेपाल कृषि अनुसन्धान परिषद्को डिजिटल स्वायल म्यापिंग र स्थलगत अवलोकन अनुसार यस गाउँपालिकको माटोको बनावटको हिसाबले वडा नं. १ को थाङ्गक्राविन, गुर्दुङ्ग, वडा नं. ३ को धरमपानीमा अत्यधिक माटो बालौटे रहेको (५०-६०%) र वडा नं. ३ को मिरुल, खोला गाउँ, जाय, भित्रिवन, रानागाउँ, वडा नं. ४ को घोरावाङ्ग, तेलखोला, जुतर, वडा नं. ५ को कोताल्धारा, बुरखांगको केही स्थानमा मध्यम चिम्ट्याइलो माटो (१६-२५%) रहेको पाइएको छ भने वडा नं. ५ को साजखर्कामा अत्यधिक पागो माटो (५०-६०%) रहेको देखिएको छ (अनुसूची १८)।

## ३.९ माटोमा विद्यमान प्राङ्गारिक पदार्थ

नेपाल कृषि अनुसन्धान परिषद् (नार्क) ले तयार गरेको माटोको डिजिटल नक्सा अनुसार समग्रमा थवाङ्ग गाउँपालिकको अधिकांश माटोमा प्रशस्त मात्रामा प्राङ्गारिक पदार्थ रहेको पाइएको छ। प्रतिवेदन अनुसार वडा नं. १ को भैंसीखर्क, वडा नं. २ को काडे, जीङ्गलुप, पातावाङ्ग, वडा नं. ३ को मान खोला, थापाखोरिया, भित्रिवन, टुटु मिरुल, वडा नं. ४ को गुरासे, मलागिरी, घोरावाङ्ग, तेलखोला र जुतर, वडा नं. ५ कोताल्धारा स्थानहरुमा अत्यधिक परिमाणमा प्राङ्गारिक पदार्थ (२.५-५%) रहेको पाइएको छ अन्य स्थानहरुमा प्राङ्गारिक तत्वको अवस्था सामान्य रहेको छ (अनुसूची १८)।

स्थलगत अवलोकन र कृषकहरुसँगको भएको छलफलमा कृषकहरुले यहाँ अझैसम्म पनि परम्परागत रुपमा खेती गर्ने गरेका र खेतबारीमा कुनै पनि किसिमको रासायनिक मल र विषादीको प्रयोग नगरिने जानकारी गरेका हुँदा अधिकांश माटोमा प्रशस्त मात्रामा प्राङ्गारिक पदार्थ रहेको अनुमान गर्न सकिन्छ। थवाङ्ग गाउँपालिकको बिभिन्न क्षेत्रहरुको माटोमा प्रशस्त प्राङ्गारिक पदार्थको

भेटिनुले गाउँपालिकामा प्राङ्गारिक खेती खास गरेर आलु र तरकारी खेतीको प्रशस्त सम्भावना देखिन्छ।

## ३.१० माटोमा विद्यमान खाद्यतत्वहरु

माटोको डिजिटल नक्सा विश्लेषण गर्दा यहाँको माटोमा बोटबिरुवाको लागि चाहिने आवश्यक प्रमुख खाद्यतत्व नाइट्रोजन सामान्य देखिए तापनि वडा नं. ४ को फलवाङ्ग, सिम्थान, बुरवाङ्ग, सिकुन डाँडा र वडा नं. ५ को कोताल्धाराका केही स्थानमा नाइट्रोजन तत्वको मात्रा अत्यधिक रहेको (०.१-०.२%) पाइएको छ भने वडा नं. १ को कुनखाइला, वडा नं. २ को मरन्ठाना, वडा नं. ३ को जाय, तागा, थापखोरिया, वडा नं. ४ को जोगीमारा, बदमखार्कर वडा ५ को माटीगाउँ, आदि क्षेत्रमा तुलनात्मक रुपमा नाइट्रोजन तत्व कम रहेको (०.०३-०.०४%) रहेको रहेको पाइएको छ।

यस्तै प्रकारले यहाँको माटोमा बोटबिरुवाको लागि चाहिने आवश्यक खाद्यतत्व फस्फोरस छेर्लोवाङ्ग, भैंसीखर्क, फुन्तीवाङ्ग, मलागिरी, जाय र जुतर आदि क्षेत्रमा सामान्य देखिन्छ भने अन्य क्षेत्रमा अत्याधिक देखिएको छ।

बोटबिरुवाको अर्को महत्वपूर्ण खाद्यतत्व पोटास यहाँको सबै क्षेत्रको माटोमा प्रशस्त मात्रामा पाइएको हुँदा थवाङ्ग गाउँपालिकामा गुणस्तरीय आलु खेती र बीउ उत्पादनको सम्भावना देखिन्छ माटोमा अन्य शुक्ष्म तत्वहरु बोरन र जिंक तत्वको मात्रा औसतमा रहेको रहेको पाइएको तर केही ठाउँमा अत्यधिक मात्रामा जिंक तत्व पाइएको छ (अनुसूची २०)।

## ३.११ माटोको अम्लियापना

थवाङ्ग गाउँपालिकको माटोको अम्लियापना (पीएच ६.१ देखि ६.५) स्केल रहेको पाइएको छ जुन जुनसुकै बालीहरुको खेती गर्नको लागि उपयुक्त रहेको तर वडा नं. ३ को भित्री वन क्षेत्रको माटोमा केही अम्लियापना देखिएको छ (अनुसूची १९)।

## ३.१२ सिंचाई सुविधाहरु

गाउँपालिकको धेरैजसो भागहरुमा सिंचाईको सुविधा पुग्न नसकेको, केही स्थानहरुमा परम्परागत कुलोहरु रहेको र धेरैजसो खेतीपाती आकासे पानीको भरमा गर्ने गरिएको छ। गाउँपालिका भित्र उवा खोला, थवाङ्ग खोला र मिरुल खोला तीन वटा प्रमुख खोलाहरु भए पनि यी खोलाहरु मानव बस्तीहरु भन्दा तल्लो सतहबाट बगेको हुँदा परम्परागत सिंचाई भन्दा आधुनिक सिंचाई जस्तै लिफ्टबाट, थोपा सिंचाई आदि प्रविधि गरेर सिंचाई गर्न उपयुक्त देखिन्छ। यसरी सिंचाईको व्यवस्था

मिलाउन सकेमा हिउँदमा थप क्षेत्रफल विस्तार भै उत्पादन र उत्पादकत्व पनि बृद्धि गर्न सकिने देखिन्छ (अनुसूची १६)।

## ३.१३ कृषि व्यवसाय

अधिकांश मानिसको मुख्य पेशा कृषि रहेको यस गाउँपालिकामा कृषि व्यवसायको कुरा गर्दा अझै पनि किसानहरुले परम्परगत रुपमा खेती गर्दै आइरहेका छन्। यहाँ खास गरेर मकै, गहुँ, जौ, तोरी, कोदो उवा, आलु आदि खाद्यान्न बालीहरु र विभिन्न जातका तरकारीहरू जस्तै काउली, बन्दा फर्सी, सिमी, भट्टमास, लहसुन, प्याज, रायो, मुला आदि तरकारी र फलफूलमा ओखर, स्याउ, नासपाती, खुन्मारी, आलुवखडा, किवी र केही स्थानहरुमा अमिलो जातका फलफूलहरु आदिको खेती गरिएको छ।थवाङ्ग गाउँपालिकामा उत्पादित आलु र आलुको बीउ गुणस्तरको लागि जिल्ला भित्र र बाहिरी जिल्लाहरुमा पनि प्रख्यात छ।

यहाँ फलफूल तथा तरकारी र खाद्यान्न बालीहरुमा लाग्ने प्रमुख रोग र कीराहरुमा आलुको डढुवा, गहुँको सिन्दुरे, मकैको पात सुक्ने रोग, स्याउको पेपरी बार्क, स्काब, खुम्रे कीरा, पतेरो आदि कीराहरुको प्रकोप रहेको र यसको नियन्त्रणको लागि किसानहरुले कुनै प्रकारको रासायनिक मल र बिषादी प्रयोग गर्ने नगरेको जानकारी भएको हुनाले यस गाउँपालिकामा प्राङ्गारिक खेतीको प्रशस्त सम्भावना रहेको देखिन्छ।

कृषि पेशाको अलावा यहाँ जडिबुटी खेती जस्तै सतुवा, भोटे लहसुन, टिमुर, दाते ओखर, पाखनबेद, पदमचाल आदिको पनि खेती गर्रिदै आएको पाईन्छ। भाङ्गो खेती यहाँको मानिसको प्रमुख नगदे बालीको रुपमा रहको छ।

व्यावसायिक खेतीको कुरा गर्दा यहाँको अधिकांश जमीन भिरालो, भौगोलिक विकटता, सिंचाईको समस्या रहेको हुँदा अधिकांश खेती आकासे पानीको भरमा गरिरहेका छन्। यसका बावजुद पनि थवाङ्ग गाउँपालिकाका केही क्षेत्रहरुमा व्यवसायिक रुपमा स्याउ, ओखर, बाख्रापालन, भैंसीपालन आदिमा व्यवसाय सुरु भएको छन् र कृषि विकासको लागि यसलाई सुखद मान्नु पर्दछ। हालका दिनहरुमा पशुपालन खास गरेर सुंगुर र भेडा बाख्रा पालन व्यवसाय प्रमुख नगद आम्दानीको स्रोत बन्दै गइरहेको छ। एकातिर परम्परागत खेती प्रणाली, उन्नत बीउ बिजन, नश्ल र प्राविधिक सेवाको कमीले गर्दा यहाँ बाली-वस्तुहरुको उत्पादन र उत्पादकत्व कम छ भने अर्कोतर्फ यातायातको असुविधा र उचित भण्डारणको अभावमा यहाँ उत्पादित कृषि उपजले उचित मूल्य पाउन सकिरहेको छैन।

गाउँपालिकाको केही स्थानमा स्थानीय जातको मौरीपालन व्यवसाय पनि गरेको पाइएको छ। उच्च पहाडमा उत्पादित मौरीको महको औषधिजन्य महत्व हुने भएकोले यसलाई विस्तार गर्न सके कृषकले थप आम्दानी प्राप्त गर्न सक्ने देखिन्छ।

## ३.१४ पशुपन्छी पालन

थवाङ्ग गाउँपालिकामा पशुपालनको कुरा गर्दा पशुपन्छीहरू दुध, मासु र उनको लागि मात्र नभई खेतबारीमा चाहिने गोठको मल र बारी जोत्न गोरु चाहिने भएकोले तुलनात्मक रुपमा भेडाबाख्रा र गाई/गोरुको संख्या निकै धेरै देखिएको छ। यस गाउँपालिकामा भेडाको संख्या पनि धेरै नै देखिएको छ। मगर जतिको पहिचानको रुपमा रहेको सुंगुर/बंगुर पालन राम्रो रहेको छ । यस गाउँपालिकामा बिक्रि गरिने मासुहरुमा सुंगुर, भैंसी र कुखुरा प्रमुख रहेको छ। घरायसी प्रयोजनमा खसी, बोका, थुमा र कुखुरा रहेको छ।

थवाङ्ग गाउँपालिकाका अधिकांश बालीहरुको प्रमुख खाद्यतत्वको स्रोतको रुपमा प्राङ्गारिक मल मात्र प्रयोग गरिने हुँदा गाउँपालिका भित्र प्रशस्त स्थानीय जातका गाई, भैंसी, भेडा, बाख्रा, सुंगुर/बंगुर, केही स्थानहरुमा ढुवानीको लागि खच्चर र घोडा र स्थानीय जातका कुखुरा आदि पालन गर्दै आएका छन्। यी स्थानीय जातका पशुपन्छी विशेषतः मासु, दुध, उन, मल र जोत्नको लागि प्रयोग गरिंदै आएको छ। यिनीहरुको उत्पादन र उत्पादकत्व ज्यादै कम रहेको छ र यिनीहरुको नश्ल सुधारको कार्यक्रम सञ्चालन गर्न सके मलको अलावा दुध, मासु र उनको उत्पादन समेत बढ्ने हुँदा नश्ल सुधारको कार्यक्रमलाई प्राथमिकता दिनुपर्ने देखिन्छ। जनजातिको संस्कृतिसँग जोडिएको सुंगुर पालन व्यवसाय आम्दानीको हिसाबले निकै सफल व्यवसाय भएता पनि अव्यस्थित रुपमा पालिएकाले व्यवस्थित रुपमा पालनको लागि खोर सुधारमा जोड दिनुपर्ने देखिन्छ।

हालका दिनहरुमा गाउँपालिकाका केही स्थानहरुमा व्यावसायिक रुपमा कुखुरा, बाख्रा, भेडा, बंगुर र भैंसी पालन र नश्ल सुधारको कार्यक्रम सुरुवात भएको छ। गाउँपालिकको वडा नं. ३, ४, २ मा पशुपालनको अलावा राडी पाखी बुन्ने काम गरिंदै आएकोमा हालका दिनहरुमा उक्त कार्य बन्द भएको र उक्त कामलाई निरन्तरता दिन सके कृषकहरुले थप आम्दानी प्राप्त गर्न सक्ने देखिन्छ।

पशु आहारको कुरा गर्दा धेरैजसो कृषकहरुले स्थानीय गाउँघरमै उपलब्ध हुने दाना र सामुदायिक वन र निजी जग्गामा लगाएको घासपातहरु पशु आहाराको रुपमा प्रयोग गर्ने गरेको पाइको छ। केही व्यावसायिक कृषकहरुले बाहिर जिल्लाबाट (दाङ्ग) पशु दाना खरीद गर्ने गरेको पाइएको छ। उचित पशु आहारको अभावमा पशुपन्छीहरुको उत्पादन र उत्पादकत्व कम भएको हुँदा पशु आहार व्यवस्थापनको लागि खेतबारीमा डाले घाँसहरुको अलावा खेतबारीमा जई, नेपिएर, बर्सिम, क्लोभर, मकै आदिको खेती बढाउनु पर्ने देखिन्छ।

यहाँ पालिएका पशुपन्छीहरुमा देखिएको प्रमुख रोगहरुमा गाई, भैंसीमा खोरेत, भेडाबाखामा पी.पी.आर, आन्तरिक र बाह्य परजीवीहरु रहेको छन्। स्थानीयस्तरमा एग्रोभेट नभएकोले कृषकहरुले पशुपन्छी बिरामी भएर वर्षेनी ठुलो क्षति व्यहोरेको अवस्था रहेको छ।

**तालिका १०. थवाङ्ग गाउँपालिकको पशुपन्छी पालनको अवस्था**

| क्र.सं. | पशुपन्छी | संख्या | दुध दिने संख्या | दुध उत्पादन मे.टन | मासु मे.टन | अन्डा संख्या | उन केजी |
|---|---|---|---|---|---|---|---|
| १ | गाई | ७,००० | १५०० | ३०९ | | | |
| २ | भैंसी | २,००० | ७०० | ४०९.५ | ७५ | | |
| ३ | भेडा | ४,००० | | | ३० | | २०० |
| ४ | बाखा | १०,००० | | | ७० | | |
| ५ | सुंगुर/बंगुर | २,५०० | | | ८० | | |
| ६ | कुखुरा** | १७,६०८ | | | ५० | | |
| ७ | हाँस | ० | | | | | |
| ८ | अन्डा दिने कुखुरा | ६,१६२ | | | | १८४८८४ | |
| ९ | घोडा / खच्चर | ५० | | | | | |
| १० | माछा | ० | | | | | |
| | **जम्मा** | **४९,३२०** | **२७००** | **७१८.५** | **३०५** | **१८४८८४** | **२००** |
| | **प्रति व्यक्ति औसत खपत** | | | **६५.२७ लि.** | **२७.७० केजी** | **१७ गोटा** | **२००** |
| | **जिल्लाको औसत खपत** | | | **९१ लि.** | **२४.८१ केजी** | **१०** | |

***खरीद गरेको ब्रोइलरको मासु समेत*

दुध उत्पादनको हिसाबले गाई र भैंसीको दुध उत्पादन धेरै नै कम रहेको छ। धेरैजसो उत्पादित दुध घरायसी प्रयोजनमा खर्च गर्ने र बचेको दुधबाट घिऊ बनाएर बेच्ने चलन रहेको छ। यस गाउँपालिकामा पालिने पशुपन्छीहरु प्रायः स्थानीय नश्लका भएकाले उत्पादन अत्यन्तै न्युन रहेको हुँदा तत्कालै कृत्रिम गर्भाधान वा नश्ल सुधारको कार्यक्रम सञ्चालन गर्नुपर्ने देखिन्छ । थवाङ्ग गाउँपालिकामा उत्पादित दुध औसत प्रति व्यक्ति खपत (६५.२७ लि) रहेको छ, जुन जिल्लास्तरमा उत्पादित दुधको औसत खपत (९१ लि.) भन्दा कम देखिएको र मासु र अन्डा उत्पादन जिल्लास्तरमा उत्पादित मासु र अन्डा तुलना गर्दा थवाङ्गमा उत्पादन केही बढी भएको देखिएको छ।

यस गाउँपालिकामा उत्पादित बंगुर र भैंसीको मासु छिमेकी जिल्ला दाङ्ग र बुटवल बजारमा बिक्री समेत हुने गरेको छ।

## ३.१५ व्यापारिक केन्द्र

थवाङ्ग गाउँपालिकाको प्रमुख व्यापारिक केन्द्रहरुमा दाङ्गको घोराही, सदरमुकाम लिवाङ्ग र सुलिचौर हुन्। यसको अलावा पूर्वी रूकुम, बागलुङ्गको बुर्तिवाङ्ग र बुटवल बजारसम्म पनि कारोबार हुने गरेको छ। आन्तरिक बजारको कुरा गर्दा थवाङ्ग नै मुख्य व्यापारिक केन्द्र रहेको छ। उक्त बजारमा स्थानीयहरुले आफुले उत्पादन गरेको कृषि उपजहरु खरीद बिक्रि गर्नुको साथै आफुलाई आवश्यक पर्ने अन्य सामानहरु खरीद गर्ने गर्दछन्।

यस गाउँबाट निकासी हुने मुख्य कृषि उपजहरुमा आलु, स्याउ, सिमी, भट्टमास, घिऊ, भेडा बाख्रा, भैंसी र बंगुरको मासु र विभिन्न प्रकारका जडिबुटीहरु रहेका छन्। कारोबार र आम्दानीको हिसाबले भाङ्गोको कारोबार ठुलो परिमाणमा हुने गरेको छ, यो नै यहाँको कृषकहरुको नगदको स्रोत र खाद्य पोषण सुरक्षाको स्रोत बनेको छ।

## ३.१६ संकलन केन्द्र/हाट बजार

गाउँपालिका भित्र हालसम्म व्यवस्थित रुपमा कुनै संकलन केन्द्र नभएको र कृषकहरुले आफ्नो उत्पादन खास गरेर तरकारीहरू आफै बिक्रि गर्ने गरेको पाईन्छ। आलु, स्याउ सिमी, भाङ्गो आदि वस्तुहरु थोक बिक्रि गर्ने प्रचलन रहेको पाईन्छ। स्थानीय बजारमा बिक्रि गरिने तरकारीमा काउली, बन्दागोभी, मुला, रायो, लसुन प्याज आदि रहेको र टमाटर सबै बाहिर जिल्लाबाट आपूर्ति हुने गरेको पाइयो।

थवाङ्ग गाउँपालिका भित्र अव्यवस्थित fresh house प्रशस्त रहेका छन् तथापि व्यवस्थित रुपमा चाहिं एक मात्र जलजला फ्रेश हाउस रहको छ। उक्त फ्रेश हाउस स्थापना गर्न भेटिरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र रोल्पा र गाउँपालिकाले सहयोग गरेको र उक्त फ्रेस हाउसले हप्तामा करिब २० लाख जतिको बंगुर र भैंसीको मासु दाङ्ग र बुटवलमा बिक्रि गर्ने गरेकोबाट थवाङ्गमा मासुजन्य उद्योगको सम्भावना देखिएको छ। छलफलको क्रममा थवाङ्गमा एउटा पनि आधुनिक बधशाला नभएको, यातायातको कठिनाइले गर्दा वर्षायाममा मासु ढुवानी गर्न अप्ठ्यारो परेको र थवाङ्ग बजारमा मात्रै दैनिक ५०-१०० केजी बंगुर र ५०-१०० केजी बोइलर कुखुरा बिक्रि हुने गरेको र बंगुरको मासुको औसत मूल्य रु. २५०/केजी र कुखुराको रु.३५०/केजी रहेको जानकारी प्राप्त भएको छ।

गाउँपालिकाको वडा नं. १ मा एउटा व्यावसायिक रुपमा थवाङ्ग कृषक भैंसी पालन फर्म स्थापना भएको र उक्त फर्ममा ३३ वटा भैसी रहेको र दैनिक २० लिटर दुध उत्पादन हुने गरेकाे साथै

उक्त फर्मलले दुध संकलन केन्द्र पनि सञ्चालन गरेको तर पशु आहाराको कमीले दैनिक दुध संकलन अत्यन्त कम परिमाणमा हुने जानकारी प्राप्त भयो।

यस गाउँपालिकामा प्रशस्त नदीनाला र खोलाहरु भएको हुँदा व्यावसायिक रुपमा ट्राउट माछा पालनको उत्तिकै सम्भावना रहेको छ। ट्राउट माछापालनलाई कृषि पर्यटनसंग जोड्न सके थप आम्दानीको स्रोत बन्न सक्ने देखिन्छ।

## ३.१७ उन्नत प्रविधिको प्रयोग

कृषिको आधुनिकीकरण र व्यवसायिकीकरण बिना कृषि उत्पादन वृद्धि प्रायः असम्भव हुने र उत्पादन बृद्धिको लागि उन्नत प्रविधि, कृषि अनुसन्धान र प्रसारले महत्वपूर्ण भूमिका खेलेको हुन्छ। उन्नत प्रविधिको कुरा गर्दा औजार उपकरणको प्रयोग मात्र नभई उन्न बीउ बिजन, नश्लहरु, खेती/पशुपालन गर्ने तरिका, प्राविधिक सेवा, भण्डारणहरु, मूल्य शृंखला अन्तर्गतका बजारीकरण, प्रशोधन आदि समेत पर्दछ। थवाङ्ग गाउँपालिकामा कृषि व्यवसायको कुरा गर्दा अझैसम्म पनि परम्परागत रुपमा खेती गरिँदै आएको पाइन्छ। यद्यपि हालका दिनहरुमा केही कृषि र पशुपन्छी खास गरेर बाख्रा, भैंसी, बंगुर र भेडा पालन व्यावसायिक रुपमा शुरु भएबाट कृषिमा उन्नत प्रविधिको शुरुवात हुन थालेको देखिन्छ। कृषि कर्मको लागि चाहिने औजारहरू, उपकरणहरु/ट्याक्टर, मिनीटिलर, बर्णशंकर र उन्नत खाद्यान्न र तरकारीको बीउ बिजनहरु, बेमौसमी तरकारीको लागि तरकारीहरुको बिऊ बिजनहरु, प्लास्टिक टनेल, पशुहरुको लागि आधुनिक गोठ र खोरहरु, उन्नत जातको बाख्रा र भैंसीका नश्लहरु, स्याउ (गाला, फुजी, रेड डेलिसियस, गोल्डेन), ओखर (Chandler), पिकनट, किवी (हर्वाड) आदिका उन्नत जातका फलफूलहरु, फ्रेश हाउस, डेरी उद्योगहरू आदि प्रविधिहरु कृषकहरुले सीमित रुपमा प्रयोग गर्दै आएका छन्। खाद्यान्न बालीहरुमा खास गरेर मकै, जौ र गहुँको उन्नत जातको बीउको प्रयोग नगन्य मात्रामा रहेको हुँदा खाद्यान्न बालीहरुको बिजबृद्धि कार्यक्रम सञ्चालन गर्नुपर्ने देखिन्छ।

प्रविधि अनुसन्धानतर्फ हालसम्म पनि नेपाल कृषि अनुसन्धान परिषद् (नार्क) को कार्यक्रम नभएकोले कृषि अनुसन्धान खास गरेर आलु खेती, स्याउ, ओखर, ट्राउन माछा पालन आदिको लागि बाह्य अनुसन्धान केन्द्र स्थापना गर्न जोड दिनुपर्ने देखिन्छ ।

## ३.१८ जलवायु परिवर्तनको असर

जलवायु परिवर्तनको असरको हिसाबले रोल्पा जिल्ला सम्बेदनशील जिल्लामा पर्ने र त्यसमा पनि थवाङ्ग गाउँपालिका विशेष रहेको छ। थवाङ्ग गाउँपालिकाको वडा नं. ४ र ५ बाढी पहिरोको उच्च जोखिममा रहेको छ। वर्षैपिच्छे बाढीले पहिरोले धेरै जनधनको क्षति हुने गरेको छ भने अन्य वडाहरु सुख्खा खडेरी, रोग र कीराहरु, हिमपात र असिना आदिले पनि धनजन, पशुपन्छी र

बालीनाली उत्पादनमा नोक्सानी पुऱ्याइरहेको छ। गाउँपालिकको वडा नं. ५ स्थित दंग्रा, ठुलोगाउँ, पुस्वांग, बेसी, सुर्बांग आदि क्षेत्रमा पहिरोको ठुलो जोखिम रहेको छ। जलवायु परिवर्तनले पारेको असरको बारेमा स्थानीय कृषकहरुसँग छलफल गर्दा थवाङ्गमा बालीहरु रोप्ने सिजन फरक परेको, खडेरी बढी भएको, रोग कीराको प्रकोप बढेको जानकारी प्राप्त हुनुले गाउँपालिकाले आगामी दिनहरूमा जोखिम कम गर्न थवाङ्गमा जलवायु अनुकुलनको कार्यक्रमहरू सञ्चालन गर्नुपर्ने देखिन्छ।

## ३.१९ वित्तीय संस्थाहरु

गाउँपालिकामा संस्थागत रुपमा रहेका वित्तीय संस्थाहरूमा ग्लोबल आइ.एम.ई. बैंक र केही बचत सहकारी संस्थाहरु रहेको छन्। बचत सहकारी संस्थाहरुमा उवा बचत कृषि सहकारी संस्था, थवाङ्ग-४, उवा, समृद्ध मिरुल बचत तथा ऋण सहकारी संस्था लिमिटेड, थवाङ्ग-३, मिरुल र थाबंगी ऋण तथा बचत सहकारी संस्था, थवाङ्ग-१ रहेका छन्। यी वित्तीय संस्थाहरुबाट कृषि क्षेत्रमा सीमित लगानी गरेको जानकारी प्राप्त भएको छ। ग्लोबल आइ.एम.ई. बैंकले यो आ.व. २०७८/०७९ मा विभिन्न ४ वटा कृषि व्यवसाय सञ्चालन गर्न रु. ५० लाख लगानी गरेको जानकारी प्राप्त भएको छ। सहकारी संस्थाहरूले अन्य प्रयोजनको लागि सदस्यहरूलाई ऋण प्रवाह गरेको तर कृषि व्यवसाय सञ्चालन भनेर कृषिमा लगानी नगरेको जानकारी प्राप्त भएको छ । कृषकहरुले आफुलाई आवश्यक पर्ने रकम गाउँ घरमै ऋण र सरसापट गरि समाधान गर्ने गरेको जानकारी प्राप्त भएको छ। कृषि व्यवसायमा बिमा शुरूवात नभएको तर पशुपन्छीहरुमा सगरमाथा इन्स्योरेन्स कम्पनी लि. मार्फत पशु बिमाको सुरुवात भएको जानकारी प्राप्त भएको छ।

## ३.२० निजी सेवा प्रदायक संस्थाहरु

कृषि क्षेत्रको आधुनिकीकरण र व्यवसायिकीकरण गरि उत्पादन वृद्धि गर्न उत्पादन सामग्रीहरु र प्राविधिक सेवाको उपलब्धता सुनिश्चित हुनुपर्छ। हाम्रो देशमा सरकारी स्तरबाट प्रदान गरिने प्रसार सेवाले सीमित कृषकहरुलाई मात्र सेवा पुऱ्याउन सकेको छ र अझै पनि बहुसंख्यक कृषकहरु प्राविधिक सेवाबाट बञ्चित रहेका छन् । हामीकहाँ मुख्य गरेर कृषि प्रसार सेवा प्रदायकहरुमा सरकारी, निजी सेवा प्रदायक जस्तै बीउ बिजन बिक्रेताहरू र एग्रोभेट्स, स्थानीय स्रोत व्यक्तिहरु, प्राविधिक शिक्षालय र कृषक समूहहरु र सहकारी संस्थाहरु रहेका छन्। गाउँपालिकामा निजी सेवा प्रदायकको कुरा गर्दा हालसम्म कुनै एग्रोभेटस् अथवा बीउ बिज पसलहरु नरहेको पाइएको छ। गाउँपालिकामा रहेको एक मात्र प्राविधिक शिक्षालय वीर बलभद्र मा.वि. रहेतापनि उक्त शिक्षालयबाट कुनै प्रकारको प्राविधिक सेवा प्रवाह गराउने नगरेको जानकारी प्राप्त भएको छ। कृषकहरुले आफुलाई आवश्यक पर्ने सेवाहरु र चाहिने कृषि सामाग्रीहरु, दाना, बीउ बिजन आदि सबै दाङ्ग, सदरमुकाम लिवाङ्ग, सुलिचौर र बुटवलबाट ल्याउने गरेको जानकारी प्राप्त भएको छ।

संस्थागत सेवा प्रदायकहरुको कुरा गर्दा गाउँपालिका भित्र विभिन्न बाली वस्तुहरुको समूहहरु २५, सहकारी संस्थाहरु ४ र रजिष्टर्ड निजी कृषि फर्महरु ४३ रहेको पाइएको छ (अनुसूची ५ र ६)। तर यी संस्थाहरुबाट प्रत्यक्ष रुपमा कृषि प्रसारको कार्यक्रम सञ्चालन नगरेको पाइएको छ। स्थानीय तहमा रहेका यी कृषि समूहहरु, सहकारीहरू र निजी उद्यमीहरु कृषि सामाग्रीहरु आपूर्ति, प्राविधिक सेवा र बजारीकरण आदि सेवा प्रवाह प्रक्रियासँग जोडिएका छैनन्। गाउँपालिकाले यी संस्थाहरुसँग सहकार्यमा कृषि प्रसारको कार्यक्रम सञ्चालन गर्न सके लागत पनि कम हुने र कार्यक्रममा अपनत्व बोध हुने हुँदा कार्यक्रम बढी प्रभावकारी हुने देखिन्छ।

## ३.२१ कृषिजन्य उद्योगहरु

थवाङ्ग गाउँपालिकामा संगठित रुपमा दर्ता भएको कृषिजन्य उद्योगहरु धेरै कम पाइएको छ। तर असंगठित रुपमा जडिबुटी, फ्रेश हाउसहरु, डेरी उद्योग, राडीपाखी उद्योग, अल्लोमा आधारित कपडा उद्योगहरु केही सीमित मात्रामा सञ्चालन भएका छन्। घरेलु उद्योग कार्यालय रोल्पा र गाउँपालिकको कार्यालयमा दर्ता भएका उद्योगहरुको विवरण अनुसार थवाङ्ग गाउँपालिकामा तपसिलका उद्योगहरु दर्ता भएका छन्। तर यी उद्योगको वर्तमान अवस्था बारेमा जानकारी प्राप्त हुन् सकेन।

१. रोल्पाली गंगा जमुना अल्लो प्रशोधन उद्योग, थवाङ्ग ५
२. जलजला सामुदायिक अल्लो प्रशोधन तथा कपडा उद्योग, मिरुल ३
३. नेपाली हाते कागज उद्योग, मिरुल ३
४. पृष्ठभूमि कृषि तथा वन जडिबुटी नर्सरी फर्म, थवाङ्ग ३
५. शितल ताजा फलफूल तथा जडिबुटी कृषि फर्म, थवाङ्ग ४
६. सिरपन फलफूल तथा जडिबुटी फर्म, थवाङ्ग ४

## ३.२२ संस्थागत संरचना

कुनैपनि योजनाको सफल कार्यान्वयनको लागि सम्बन्धित निकायको सुदृढ संस्थागत संरचना, मानव संशाधन र बजेटको आवश्यकता पर्दछ। यिनीहरुको प्रभावकारी कार्यान्वयनबाट मात्र संस्थाको उद्देश्य हासिल गर्न सकिन्छ। गाउँपालिकको संस्थागत संरचनाको कुरा गर्दा नेपालको संविधान २०७२ ले संघीय लोकतान्त्रिक गणतन्त्रको मर्म अनुसार नेपालको राज्य संरचनालाई संघ, प्रदेश र स्थानीय गरि तीन तहको हुने व्यवस्था गरि तिनै तहले संविधान र कानुन बमोजिम राज्य शक्तिको प्रयोग गर्ने व्यवस्था गरेको छ। नेपालमा संघीयता कार्यान्वन गर्ने सन्दर्भमा नेपाल सरकारको मिति २०७३/११/२२ को निर्णयानुसार संघ, प्रदेश र स्थानीय तह गरि तीन तहमा पुनर्संरचना गरिएको छ। स्थानीय तह अन्तर्गत ७४४ वटा गाउँपालिका र नगरपालिका कायम भएको छ। जसमध्ये

महानगरपालिका ४, उप नगरपालिका १३, नगरपालिका २४६ र गाउँपालिका ४८१ रहेका छन्। नगरपालिका र गाउँपालिका अन्तर्गत रहने वडाको संख्या ६६८० रहेको छ।

संविधानको धारा २८५ को उपधारा (१) मा नेपाल सरकारले देशको प्रशासन सञ्चालन गर्न संघीय निजामती सेवा र आवश्यकता अनुसार अन्य संघीय सरकारी सेवाको गठन गर्न सक्ने र त्यस्ता सेवाहरुको गठन, सञ्चालन र सेवाका सर्तहरु संघीया ऐन बमोजिम हुने व्यवस्था गरेको छ। सोहि धाराको उपधारा (३) मा प्रदेश मन्त्रिपरिषद्, गाउँकार्यपालिका र नगर कार्यपालिकाले आफ्नो प्रशासन सञ्चालन गर्न आवश्यकता अनुसार कानुन बमोजिम विभिन्न सरकारी सेवाहरुको गठन र सञ्चालान गर्न सक्नेछन् भन्ने प्राबधान रहेको छ।

संघीयता कार्यान्वयनको गर्ने सन्दर्भमा नेपाल सरकारको २०७३ फागुनको निर्णय अनुसार केन्द्रिकृत शासन व्यवस्था अन्तर्गत विगतमा जिल्ला कृषि विकास कार्यालय र पशु सेवा कार्यालयहरुबाट सञ्चालन भएका कृषि प्रसारको कार्यक्रमहरु स्थानीय तहलाई जिम्मेवारी दिइएको छ। सो निर्णय कार्यान्वयन गर्नको लागि संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले २०७५ सालमा कृषि तथा पशु क्षेत्रको स्थानीयतहका लागि आवश्यक पर्ने दरबन्दी र प्राविधिक जनशक्तिको आवश्यकता सम्बन्धमा संगठन तथा व्यवस्थापन सर्भेक्षण गरी सोहीअनुसार दरबन्दीको व्यवस्था गरेको थियो। जस अनुसार प्रत्येक स्थानीय तहमा ७/८ औं तहका अधिकृतको नेतृत्वमा कृषि क्षेत्रमा ४ प्राविधिक कर्मचारी र पशु सेवा क्षेत्रमा ५ देखि ९ जना प्राविधिक कर्मचारी रहने व्यवस्था छ।

**तालिका ११. थवाङ्ग गाउँपालिकाको कार्यालय, कृषि शाखा, कर्मचारी विवरण**

| क्र.सं. | स्वीकृत पद | दरबन्दी संख्या | पदपूर्ति | कार्यरत |
|---|---|---|---|---|
| | **कृषि तर्फ** | | | |
| १ | अधिकृत स्तर (७/८ औं) | १ | रिक्त | |
| २ | सहायक पाचौं | २ | रिक्त | |
| ३ | सहायक चौथो | १ | १ | करार-४, ओ.भी.ओ.टी-२ |
| | जम्मा | ४ | १ | |
| | **पशु सेवा तर्फ** | | | |
| ६ | अधिकृतस्तर (७/८औं) (लाईपोडेडे) | १ | रिक्त | |
| ७ | सहायक पाचौ (भेट) | १ | रिक्त | |
| ८ | सहायक पाचौ (लाईपोडेडे) | १ | रिक्त | |
| ९ | सहायक चौथो (लाईपोडेडे) | २ | १ रिक्त | करार-४, ओ.भी.ओ.टी-२ |

| क्र.सं. | स्वीकृत पद | दरबन्दी संख्या | पदपूर्ति | कार्यरत |
|---|---|---|---|---|
| १० | जम्मा | ५ | | |
| ११ | जम्मा दरबन्दी | ९ | १ | |
| १२ | एक गाउँ एक प्राविधिक | ४ | | ४ जना |
| १३ | गाउँपालिका करार | ८ | | ८ जना |
| **कृषि प्रसार सेवाको अनुपात** | | | | |
| प्राविधिक / सेवाग्राही किसानको | | १=१२२३.१० (११.०%) | | |
| प्राविधिक / कृषक घरधुरी (२२०२) | | १= २४४.४ (११%) | | |

*स्रोतः थवाङ्ग गाउँपालिकको कार्यालय*

तालिका ११ मा गाउँपालिकामा कृषि र पशु सेवा गरि २ अधिकृत सहित ९ जनाको दरबन्दी भएको मध्ये १ जना प्राविधिक सहायक (ना.प्रा.स.) मात्र पूर्ति भएको छ भने बाँकी दरबन्दी मध्ये गाउँपालिकाले ४ जना ना.प्रा.स र ८ जना एक गाउँ एक प्राविधिक (OVOT) स्थानीय स्रोत व्यक्तिको रुपमा वडा कार्यालयमा काम गरिरहेका छन्।

त्यस्तै गाउँपालिकाले प्रवाह गर्ने कृषि प्रसार सेवाको अनुपात हेर्ने हो भने १ जना प्राविधिकले करिब १२२३.१० (११%) प्रतिशत जनतालाई सेवा पुऱ्याई रहेको देखिन्छ भने घरधुरी अनुपात हेर्ने हो भने १ प्राविधिकले २४४ घर परिवारलाई सेवा र प्रदान गरेको देखिन्छ। तसर्थ, गाउँपालिकाले प्रभाकारी सेवा प्रदान गर्न विद्यमान दरबन्दी परिपुर्तिका साथै दरबन्दी थप गर्न आवश्यक देखिन्छ।

स्थानीय तह अन्तर्गतका ईकाइहरूमा प्रस्तावित विशेषज्ञ/कर्मचारीको उपलब्धता चुनौतीपूर्ण देखिएको छ । एकातिर अधिकांश पदहरू रिक्त छन् भने अर्कोतिर वरिष्ठ कर्मचारी/विज्ञहरू ग्रामीण समुदायमा गई काम गर्न समेत अनिच्छुक समेत देखिएका छन्। जनशक्तिको तिव्र अभावलाई पूर्ति गर्न अधिकांश स्थानीय तहले अस्थायी कर्मचारी नियुक्त गर्ने व्यवस्था गरी थोरै तलब तथा सुविधामा कनिष्ठ प्राविधिक कर्मचारीहरु नियुक्त गरेका छन्। एक गाउँ एक प्राविधिक (OVOT) र स्थानीय स्रोत व्यक्ति (LRPs) को प्रावधान आंशिक रूपमा स्वीकार गरिएको छ, तथापि यी प्राविधिकहरुले प्रवाह गर्ने सेवा र क्षमताको निकै कमजोर देखिएकोले यिनीहरुको क्षमता विकासमा तत्काल ध्यान दिनुपर्ने देखिन्छ। यी प्राविधिकहरु र स्थानीय स्रोत व्यक्तिहरूको क्षमता विकास गर्न संघ, प्रदेश सरकार र मातहतको कृषि व्यवसाय प्रवर्द्धन तथा तालिम केन्द्र र जिल्लामा रहेका कृषि र पशु विज्ञ कार्यालयहरूको भूमिका महत्वपूर्ण रहने देखिन्छ।

## ३.२३ गाउँपालिकाको कृषि कार्यक्रम र बजेट

संघीय सरकार अन्तर्गत कृषि तथा पशुपन्छी विकास मन्त्रालयबाट बिगत तीन वर्षमा कृषि विकास गर्न सशर्त र वित्तीय समानीकरण मार्फत रोल्पा जिल्लाका स्थानीय निकायहरुले कृषि कार्यक्रमको लागि प्राप्त गरेको बजेट रकम तल प्रस्तुत गरिएको छ।

**तालिका १२. पशुपन्छी विकास मन्त्रालय अन्तर्गत**
**रोल्पा जिल्लाका स्थानीय निकायहरुमा प्राप्त बजेट सारांश (हजारमा)**

| स्थानीय तह | ०७६/०७७ | ०७७/०७८ | ०७८/०७९ | जम्मा |
|---|---|---|---|---|
| रोल्पा नगरपालिका | - | ७८०० | १०५०० | १८३०० |
| त्रिबेणी गाउँपालिका | १६४५ | ८६०० | ६९०० | १७१४५ |
| रुन्तिगढी गाउँपालिका | १६४५ | ५३०० | ६६०० | १३५४५ |
| माडी गाउँपालिका | १६४५ | ५५०० | ५९०० | १३०४५ |
| थवाङ्ग गाउँपालिका | १६४५ | ८७०० | ५२०० | १५५४५ |
| सुन्छारी गाउँपालिका | १६४५ | ७४०० | ४७०० | १३७४५ |
| गंगादेव गाउँपालिका | १६४५ | ७२०० | ४३०० | १३१४५ |
| सुनिल स्मृति गाउँपालिका | १६४५ | ६३०० | ४५०० | १२४४५ |
| लुन्ग्री गाउँपालिका | १६४५ | ४८०० | ४४०० | १०८४५ |
| परिवर्तन गाउँपालिका | २२४५ | ८२०० | ४३०० | १४७४५ |
| | १५४०५ | ६९८०० | ५७३०० | |

*स्रोत: संघ,प्रदेश तथा स्थानीय तहहरुमा सञ्चालन गरिने वर्षिक विकास कार्यक्रम, कृषि तथा पशु पन्छी विकास मन्त्रालय, सिंहदरबार*

थवाङ्ग गाउँपालिकाले कृषि विकास कार्यक्रम सञ्चालनको लागि संघीय सरकारबाट विगत तीन वर्षमा रु. १,५५,४५०००.० (एक करोड पचपन्न लाख पैंतालिस हजार) प्राप्त गरको देखिएको छ जुन तुलनात्मक रुपमा अरु गाउँपालिका भन्दा बढी नै देखिन्छ।

त्यस्तै प्रकारले विगत ३ वर्षमा संघ, प्रदेश र गाउँपालिकाले कृषि विकास कार्यक्रममा छुट्याइएको बजेट यस प्रकार रहेको छ।

**तालिका १३. थवाङ्ग गाउँपालिकाको कृषि कार्यक्रममा**
**संघ, प्रदेशको अनुदान र गाउँपालिकाले बिनियोजन गरेको बजेट रकम**

| आ.व. | प्राप्त अनुदान रकम रू. हजारमा | | गाउँपालिका बजेट (रकम रू. हजारमा) |
|---|---|---|---|
| | संघ | प्रदेश | |
| २०७६/०७७ | १,६६४ | ४,३४०.० | ३,७७५.०० |
| २०७७/०७८ | ८,७०० | ५,८५०.० | २,१८०.४५ |
| २०७८/०७९ | ५,२०० | ५४३.८ | ४,३६५.२० |
| जम्मा | १५,५६४ | १०,७३३.८ | १०,३२०.०० |

माथि प्रस्तुत तथ्याङ्क विश्लेषण गर्दा बजेट बिनियोजनको हिसाबमा कृषि विकास कार्यक्रम तिनै तहको सरकारको प्राथमिकतामा नपरेको देखिन्छ।

थवाङ्ग गाउँपालिकालाई संघीय सरकार र प्रदेश सरकारबाट सशर्त, वित्तीय समानीकरण वा समपुरक अनुदान अन्तर्गत कृषि र पशुपन्छी प्रसार कार्यक्रमको लागि प्राप्त बजेटको र गाउँपालिकाले आफ्नै स्रोतबाट कृषि प्रसार कार्यक्रममा बिनियोजन गरेको बजेटको तुलना गर्ने हो भने गाउँपालिकाले कृषि प्रसार कार्यक्रमा अत्यन्त न्यून बजेट बिनियोजन गरेको देखिन्छ।।

थवाङ्ग गाउँपालिकाले आ.ब २०७८/०७९ मा कुल बजेट रु. ३५,६२०७५१.९४ मध्ये कृषि र पशु सेवा अन्तर्गतका विभिन्न कार्यक्रमहरुमा रु ८७,१५,०००.० अर्थात् (२.४%) मात्र बिनियोजन भएको देखिन्छ जुन कृषि क्षेत्रको विकासको लागि अत्यन्त कम रकम देखिन्छ (तालिका १३)।

आ.व. २०७८/०८९ मा स्वीकृत मुख्य मुख्य कार्यक्रहरुमा फलफूलका बिरुवा वितरण, पशु नश्ल सुधार कार्यक्रम, भेटेरिनरी तालिम र औषधि तथा सामग्री खरीद, फलफूल नर्सरी स्थापना, उन्नत बीउ वितरण, प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तर्गत आलु र बंगुरको पकेट कार्यक्रम, किसान सूचीकरण आदि रहेको छ ।

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, आलु जोन रोल्पाले परियोजना अन्तर्गत थवाङ्ग गाउँपालिकाको सबै वडाहरूमा आलु उत्पादन कार्यक्रम सञ्चालन गरेको छ । उक्त परियोजनाले उन्नत आलुको बीउ, कृषि औजार, उपकरणहरू वितरण, साना सिंचाई, आलुको चक्लाबन्दी खेती, प्राविधिक सेवा र तालिम आदि कार्यक्रम सञ्चालन गरेको छ । परियोजनाले आलु खेती विस्तारको लागि विशेष गरेर मरनथाना, झ्यामनेटा, जया, गोवाङ्ग, दिसारी, दुलिडाँडा, मालागिरी र उवाको ठुलोगाउँमा कार्यक्रमहरू सञ्चालन गरिरहेको छ ।

## ३.२४ गाउँपालिकको कृषि सम्बन्धी पूर्वाधारहरु

स्थानीय तह एकातिर प्राविधिक जनशक्तिको अभावले ग्रसित छ भने अर्कोतर्फ गाउँपालिकामा कृषि र पशु सेवा सम्बन्धी प्राविधिक सेवाको लागि चाहिने न्युनतम सामाग्रीहरु, औजारहरू र उपकरणहरु र बोटबिरुवाको पशुपन्छीको लागि रोग अन्वेषण ल्याबहरुको पनि चरम अभाव रहेको छ। गाउँपालिकाको कृषि, पशु शाखामा प्राविधिक सेवाको लागि आवश्यक न्युनतम औजार उपकरणहरु पनि नभएको पाइएको छ। गाउँपालिकाले कृषि योजनाको लागि चाहिने आधारभूत तथ्याङ्कहरू समेत संकलन नगरेको अवस्था रहेको छ।

## ३.२५ कृषि अनुदान सम्बन्धमा

लगानीको हिसाबले कृषि क्षेत्र अत्यन्त जोखिम क्षेत्रको रुपमा रहेको र कृषि उत्पादन मानव जीवनसँग जोडिएकोले खाद्य पोषण सुरक्षाको लागि पनि राज्यले कृषि पेशालाई संरक्षण दिनुपर्ने अपरिहार्य छ। त्यसमा पनि विश्वव्यापीकरण र आर्थिक उदारीकरणले गर्दा हाम्रा कृषकले उत्पादन गरेका कृषि उपजहरुले आन्तरिक र बाह्य बजारमा प्रतिस्पर्धा गर्नुपर्ने हुँदा कृषकको प्रतिस्पर्धात्मक क्षमता बढाउन तर्फ पनि ध्यान दिन जरुरी हुन्छ। एकातिर विकट भौगोलिक परिवेश, पूर्वाधार विकास र उन्नत प्रविधिको अभावमा कृषकद्वारा उत्पादित वस्तुहरुको उत्पादन लागत बढी रहेको छ भने अर्कोतर्फ उत्पादित वस्तुहरुको उचित बजार व्यवस्थापनको अभावमा बिचौलियाहरुले अनुचित लाभ लिई किसान र उपभोक्ता दुवै मारमा परेको अवस्था छ। यसै पृष्ठभूमिमा कृषि उत्पादन वृद्धि गर्न एवं कृषकको प्रतिस्पर्धात्मक क्षमता बढाउन गाउँपालिकाले विगत केही वर्ष देखि संघीय सरकार अन्तरगतको प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना र प्रदेश सरकार र गाउँपालिकाले पनि विभिन्न कार्यक्रमहरु अनुदान दिंदै आइरहेको छ। हाल गाउँपालिकाले उन्नत बीउ बिजन, फलफूलको बिरुवाहरु, कृषि औजार उपकरणहरु, गोठ सुधार, पशु बधशाला, उन्नत नश्ल, बमौसमी तरकारी खेती, साना सिचाई, व्यावसायिक बंगुर पालन आदिमा अनुदान उपलब्ध गराउँदै आएको छ। कृषि मन्त्रालय मातहतका र संघीय संरचना अन्तर्गतका संघ, प्रदेश र स्थानीय तहका कार्यालयहरुबाट एकै प्रकारको वस्तु, व्यवसाय र सेवाहरुमा पनि प्रदान गरिने अनुदानको हिस्सा (प्रतिशत) फरक रहेको, यी निकायहरु बीचको समन्वय र अभिलेखको अभावमा एकै व्यक्ति/समूह/सहकारीले दोहोरो तेहोरो अनुदान लिएको देखिएको छ भने अर्कोतिर उपयुक्त संयन्त्रको अभाव, फितलो अनुगमन, समन्वयका कारण सरकारबाट उपलब्ध गराइएको अनुदान लक्षित वर्गमा पुग्न नसकेको जन गुनासो रहेको छ। तसर्थ, कृषि अनुदानलाई प्रभावकारी बनाउन कृषकहरुको सूचीकरण, वर्गीकरण र अभिलेखीकरण गरि गाउँपालिकाले प्रदान गर्ने सेवा, सुविधाका लागि छुट्टै ऐन र अनुदान सम्बन्धमा स्पष्ट कार्यविधि बनाई कार्यक्रम सञ्चालन गर्नुपर्ने देखिन्छ।

## ख. थवाङ्ग गाउँपालिकामा कृषि र पशुपन्छी विकासको विकासका सबल पक्ष, दुर्बल पक्ष, अवसर तथा जोखिम (SWOT) विश्लेषण

### १. सबल पक्ष (Strengths)

१. विभिन्न किसिमका बालीहरु, फलफूल, पशुपन्छीपालन र जडिबुटी खेतीको लागि उपयुक्त हावापानी रहेको।

२. कृषिका सम्भाव्य पकेट क्षेत्रहरुमा सडक संजाल जोडिंदै गरेको (दाङ्ग-थवाङ्ग, थवाङ्ग-मध्य पहाडी लोकमार्ग, लिवाङ्ग-थवाङ्ग, र सुलिचौर-थवाङ्ग)।

३. स्याउ, तथा ओखरको व्यावसायिक उत्पादन शुरु भएको ।

४. बेमौसमी तरकारी तथा वर्षे आलु खेतीको सम्भावना रहेको ।

५. व्यावसायिक रुपमा बाख्रा, भेडा, भैंसी तथा बंगुरपालनको शुरुवात भएको।

६. उत्पादित कृषि उपजहरुको बजार सम्भावना राम्रो भएको।

७. आलु, सिमी र मासु निर्यातयोग्य परिमाणमा उत्पादन हुने गरेको।

८. थवाङ्गको आलु र सिमीलाई प्राङ्गारिक (अर्गानिक) तरिकाले उत्पादन/प्रमाणिकरण गरी विदेश निर्यात गर्न सकिने सम्भावना भएको।

९. जडिबुटी खेतीको सभावना भएको।

१०. व्यावसायिक पशुपालन खास गरेर भेडा, बाख्रा र सुंगुर पालनको सम्भावना रहेको।

११. जडिबुटीजन्य र कृषिमा आधारित घरेलु उद्योगहरुको सम्भावना रहेको।

१२. पशुजन्य उत्पादन खास गरेर मासु (बंगुर भैंसी) को उत्पादन राम्रो रहेको ।

### २. दुर्बल पक्ष (Weakness)

१. परम्परागत खेती प्रणालीमा आधारित कृषि प्रणाली।

२. युवा जनशक्तिको कृषि पेशा प्रतिको न्युन आकर्षण।

३. पर्याप्त सिंचाईको सुविधा उपलव्ध नभएको।

४. प्राविधिक सेवाको कमी।

५. उन्नत प्रविधि बारेमा ज्ञान नहुनु।

६. यातायात, भण्डारण र संकलन केन्द्रको कमी।

७. स्वच्छ र स्वस्थ मासु उत्पादनको लागि पशु बधशाला तथा आधुनिक मासु पसलको सुविधा नभएको।

८. बिकट भूगोल र छरिएको उत्पादन पकेट क्षेत्रहरु।

९. पूर्ण श्रममा आधारित कृषि गतिविधिका कारण उत्पादन लागत बढी हुनु।

१०. व्यवसायिकीकरणको लागि वित्तीय संस्थाहरुको लगानी कमी।

११. कृषि र पशुपन्छी सम्बन्धी रोग, कीराहरुको पहिचान, निदान तथा व्यवस्थापनका लागी सुविधा उपलव्ध नहुनु।
१२. युवा जनशक्तिको विदेश पलायन।

### ३. अवसरहरु (Opportunities)

१. उत्पादित वस्तुहरु जस्तै स्याउ, आलु, सिमी, बंगुरको मासु र जडिबुटीको बजार उच्च माग रहेको।
२. शहीद मार्ग, मध्य पहाडी लोकमार्ग र सुलिचौरसंग जोड्ने सडकको स्तर उन्नतिको काम हुँदै गरेकाले निकट भविष्यमा ठुला बजार केन्द्रहरुसंग सञ्जाल विकास हुने।
३. जिल्लाभित्र र बाहिर यहाँ उत्पादित कृषि उपजहरु (आलु, आलु बीउ, मकै बीउ, भेडा बाख्रा) को बढ्दो माग।
४. व्यावसायिक खेती विस्तारको लागि उपयुक्त जग्गा जमीन र हावापानी रहेको।
५. विभिन्न प्रकारका तरकारी र पतझड फलफूलहरु, भेडा बाख्रा पालन, माछा पालन आदिको व्यावसायिक उत्पादनको राम्रो सम्भावना भएको।
६. कृषि पर्यटनको राम्रो सम्भावना रहेको।

### ४. चुनौतीहरु (Threats)

१. आधारभूत पूर्वाधार विकासमा धेरै लगानी लगाउनु पर्ने।
२. कृषि उपजहरु वर्षायाममा उत्पादन हुने भएकोले सडक यातायातको असुविधाले गर्दा उत्पादित वस्तुहरुले बजार नपाउने जोखिम रहेको।
३. जलवायु परिवर्तनको प्रभाव (बाढी, पहिरो, खडेरी आदि) पर्न सक्ने ।
४. बाहिर जिल्लाहरुबाट आयातित कृषि उपजहरुसंग प्रतिस्पर्धा गर्नुपर्ने।
५. युवा शक्तिको बढदो विदेश पलायनले गर्दा कृषि श्रमिकको अभाव र श्रम लागत बढ्न सक्ने।
६. वित्तीय संस्थाहरुले कृषि क्षेत्रमा कम लगानी गर्दा व्यवसाय सञ्चालनमा कठिनाई हुने।
७. कृषि क्षेत्रको आधुनिकीकरणको कुरा गर्दा यसले प्रविधि विकासको लागि अनुसन्धान, विस्तारको लागि प्रचार प्रसार र कृषकहरूले प्रविधि ग्रहण गर्न लगानी र जोखिम कम गर्न बिमा आदि सेवाहरूको लागि प्रशस्त लगानी आवश्यक पर्ने भएकोले गाउँपालिकाले सो अनुरूप संस्थागत संरचना स्थापना गर्न सहजिकरण गर्नुपर्ने।

तालिका १४. थवाङ्ग गाउँपालिकामा कृषि क्षेत्रको विषयगत सम्भावना, अवसर र चुनौतिहरु विश्लेषण

| क्र.सं. | विषयगत सम्भावना | अवसर | चुनौतिहरु |
|---|---|---|---|
| १ | मासुजन्य उद्योग | भेडा, बाख्रा, भैंसी, बंगुर प्रशस्त उत्पादन भएको र हाल बुटवल र दाङ्गसम्म निर्यात भएको | यातायातको असुविधा, आधुनिक बधशालको नभएको, उपयुक्त ढुवानीको साधन नभएको, डीप फ्रीजिंगको व्यवस्था नभएको |
| २ | राड़ीपाखी / पश्मिना उद्योग | भेडा बाख्रापालन प्रशस्त भएको | उन काट्ने र कात्ने प्रविधि नभएको, राडीपाखी बुन्ने सिपको कमी, आधुनिक तान नभएकोले उन त्यसै खेर गैरहेको |
| ३ | पशुपन्छीको उन्नत जातको नश्ल सुधार कार्यक्रम (स्रोत केन्द्र) | व्यवसायिक रुपमा बाख्रा, भैंसी र बंगुर पालन शुरु भएको, उन्नत जातको बोका, राँगा र बंगुरको माग धेरै रहेको | शुद्ध नश्लको व्याड महँगो, यातायातको असुविधाले ढुवानी गर्न गाह्रो, पूर्वाधार र दक्ष जनशक्तिको कमीले कृत्रिम गर्भाधान सेवा पुग्न नसकेको |
| ४ | डेरीजन्य उद्योग | गाउँ बस्तीमा गाई र भैंसीको दुध प्रशस्त उत्पादन | संकलन केन्द्रको अभाव, स्थानीय जातका गाईहरुको दुध उत्पादन कम, दुग्धजन्य व्यवसायको कमी, यातायातको कठिनाई, छरिएको उत्पादन क्षेत्र |
| ५ | प्राङ्गारिक खेती (आलु र तरकारीहरू) | हालसम्म माटो र बिरुवामा कुनै प्रकारको रासायनिक मल र विषादी प्रयोग नभएको, माटोमा प्रशस्त प्राङ्गारिक पदार्थ भएको | वर्षायाममा उत्पादन हुने हुँदा बिक्रि गर्न कठिनाई, अन्य जिल्लामा माग धेरै रहेको, ब्रान्डिङ्ग/प्रमाणिकरणको अभावले उचित मूल्य पाउन नसकेको |

| क्र.सं. | विषयगत सम्भावना | अवसर | चुनौतिहरु |
|---|---|---|---|
| ६ | फलफूल नर्सरी (पतझड बिरुवा) र स्याउ/ओखर खेती विस्तार | स्याउ, ओखर, खुर्पानीको व्यावसायिक खेतीको प्रशस्त सम्भावना । स्याउ, ओखर बिरुवाको प्रशस्त माग रहेको | स्थानीय स्तरमा नर्सरी नहुँदा बाहिरबाट महंगोमा बिरुवा खरीद गर्न परेको |
| ७ | मकै बीउ उत्पादन | मुख्य खाद्यान्न बाली रहेको र उन्नत जातको मकै बीउको माग धेरै रहेको | बीउ उत्पादनको लागि मूल बीउको उपलब्धता, प्रविधि, प्राविधिक ज्ञान, प्रमाणिकरण र भण्डारको समस्या |
| ८ | व्यावसायिक स्याउ, ओखर, नास्पाती र खुर्पानी आदिको खेती | उपयुक्त हावापानी, प्रशस्त बाँझो जमीन, कृषकले परम्परा देखि खेती गर्दै आएको अनुभव | पर्याप्त बिरुवाको कमी, उन्नत प्रविधिको कमी, उत्पादित वस्तुको बजारको समस्या, गुणस्तरको उत्पादन नहुनु |
| ९ | व्यावसायिक भैंसी, भेडाबाखा र बंगुरपालन | दुध, मासु र उनको माग प्रशस्त रहेको, केही स्थानमा व्यावसायिक रुपमा भैंसी, बाख्रा र बंगुरको व्यवसाय शुरु भएको, | उन्नत जातको नश्ल उपलब्ध नहुनु, निजीस्तर र सरकारी स्तरबाट भेटेरिनरी सेवा प्रभावकारीरुपमा उपलब्ध नहुनु, ढुवानीको समस्या, बजारको अभाव, पशु आहार र दानाको अभाव |
| १० | जडिबुटी/नन टिम्बर फरेस्ट खेती सम्बर्द्धन (नर्सरी) | सतुवा, टिमुर, बेत, बाँस, सल्ला आदिको प्रशस्त खेती, बजारमा माग धेरै | अनियन्त्रित संकलनले गर्दा लोप हुने अवस्था |
| ११ | कृषि पर्यटन | मनोरम भूगोल, मगर जातिको विशिष्ट परम्परा, कला, संस्कृत, परम्परागत खेती, होमे स्टे, सुरुवात भएको। | कृषि पर्यटनको लागि आवश्यक पूर्वाधारहरू (होम स्टे) र रैथाने बालीहरू उत्पादन र संरक्षण गर्नुपर्ने, प्राङ्गारिक उत्पादनलाई जोडदिनु पर्ने। |

**तालिका १५. थवाङ्ग गाउँपालिकामा कृषि क्षेत्रको मुख्य मुख्य समस्याहरुको विश्लेषण**

| क्र.सं. | मुख्य समस्या | तत्कालिन असर | कारण | समाधानको उपाय | लिनुपर्ने रणनीति |
|---|---|---|---|---|---|
| १ | खाद्यान्न बालीका उन्नत जातका बीउ बिजनको कमी | उत्पादन र उत्पादकत्वमा कमी | चेतनाको कमी, मूल बीउ र प्राविधिक सेवा अपुग | उन्नत बीउ वितरण, बिजबृद्धि कार्यक्रम सञ्चालन | स्थानीयस्तरमै बीउको उत्पादन कार्यक्रम सञ्चालन |
| २ | उन्नत नश्लको पशुपन्छी अभाव | दुध, मासु र ऊनको उत्पादन कम | प्राविधिक ज्ञानको कमी, उन्नत नश्लको स्रोत केन्द्रको अभाव | कृतिम गर्भाधान, उन्नत नश्ल वितरण, स्रोत केन्द्र स्थापना, तालिम | स्रोत केन्द्रहरू स्थापना गरी साटासाट कार्यक्रम सञ्चालन गर्नुपर्ने |
| ३ | पशुपन्छीमा संक्रामक रोग फैलने (खोरेत आदि) | पशुपन्छी मर्ने, उत्पादन घट्ने | खोपको व्यवस्था नभएकोले पशु रोग अन्वेषण प्रयोगशाला नभएको | संक्रमित पशुपन्छीको रोग नियन्त्रण गर्न खोप अभियान र रोगहरु सम्बन्धी सर्वेक्षण र प्रयोगशाला सेवा सुदृढ हुनुपर्ने | खोपको निशुल्क कार्यक्रम, कृषि र पशुपन्छीजन्य रोग नियन्त्रणको लागि एकीकृत प्रयोगशाला स्थापना, आन्तरिक र बाह्य क्वारेन्टिन प्रभावकारी बनाउनु पर्ने |
| ४ | ग्रामीण स्तरमा पशुपन्छी दाना, घाँस र चरनको राम्रो व्यवस्था नभएको | दुध, मासु, अण्डाको उत्पादन घटेको, लागत बढेको | कृषकलाई पशु आहार सम्बन्धी ज्ञान नभएको, स्थानीय स्तरमा निजी एग्रोभेटस् सेवा नहुनु | स्थानीय स्तरमा उपलब्ध पदार्थबाट दाना बनाउने, भिरालो र बाँझो जग्गामा घाँस खेती, पशु आहार व्यवस्थापन | स्थानीय स्तरमा दाना बनाउन पिसानी मिल, घाँस/भूसा काट्ने चाफ कटर, घाँसको स्रोत केन्द स्थापनामा सहयोग गर्नुपर्ने |

| क्र.सं. | मुख्य समस्या | तत्कालिन असर | कारण | समाधानको उपाय | लिनुपर्ने रणनीति |
|---|---|---|---|---|---|
| ५ | सुविधा सम्पन्न पशु बधशाला/फ्रेश हाउस नभएको | अस्वस्थकर माछा र मासुको बिक्रि वितरण | पशु बधशालाको अभाव, जनचेतनाको कमी | स्वच्छ मासुको प्रयोगमा जनचेतना जागरण गर्ने, आधुनिक पशु बधशाला र फ्रेस हाउस स्थापना गर्न सहयोग | पशु बधशालाको व्यवस्था, मासु ऐन, २०५५ को प्रभावकारी कार्यान्वयन |
| ६ | तरकारी, फलफूल पशुपन्छी र दुग्धजन्य पदार्थ संकलन केन्द्र/ हाटबजारको सुविधा नभएको | कृषि उपजको बिक्रि समस्या, बिचौलिया को बिगबिगी, किसानहरूले उचित मूल्य पाउन नसकेको | संकलन केन्द्र/हाट बजारको अभाव | संकलन केन्द स्थापना, कृषकहरूलाई समूह/सहकारी मार्फत उत्पादखन र बजारिकरण गर्न, ढुवानी, भण्डारण आदिमा सहयोग | बजार सञ्चालन निर्देशिका, कार्यविधि बनाई लागु गर्ने, पूर्वाधार निर्माणमा सहयोग चिस्यान केन्द्र स्थापना, उत्पादनका आधारमा दुग्ध कृषकलाई प्रोत्साहन |
| ७ | उन्नत जातका फलफूलक बिरुवाको कमी (स्याउ, ओखर, खुर्पानी, किवि, कागती) | पर्याप्त बोट बिरुवाको उपलब्ध नभएको, महँगो, उन्नत जातका अन्य प्रविधि बारेमा जानकारी नभएको | कृषकले महँगो मूल्यमा बाहिरबाट किन्नु परेको | स्थानीय स्तरमा नर्सरी स्थापन हुनुपर्ने, नर्सरी स्थापनाको लागि तालिम र अन्य सुविधा हुनुपर्ने | उन्नत जातका फलफूलका बिरुवाको स्रोत केन्द्र स्थापना गर्न सहयोग गर्नुपर्ने, आवश्यक तालिमको व्यवस्था गर्नुपर्ने |
| ८ | परम्परागत खेती | उत्पादन कम, लागत बढी, युवा | उन्नत जातको बीउ र नश्ल प्रयोग नहुनु, कृषि | उन्नत जातको बीउ र नश्ल प्रयोग, कृषि औजार | आधुनिक खेती प्रविधि अवलम्बनका लागी कृषि प्रसार |

| क्र.सं. | मुख्य समस्या | तत्कालिन असर | कारण | समाधानको उपाय | लिनुपर्ने रणनीति |
|---|---|---|---|---|---|
| | | शक्तिको विदेश पलायत | औजार उपकरणको प्रयोग कमी, प्राविधिक ज्ञानको कमी | उपकरणको प्रयोग, प्राविधिक सेवाको विस्तार | तथा जनचेतना अभिवृद्धि गर्ने, युवाहरूलाई कृषि पेशामा आकर्षण गर्न कार्यक्रम सञ्चालन गर्ने |
| ९ | वाढी, पहिरो, खडेरी, रोग कीरा आदिको प्रकोप | मानवीय र पशुपन्छी क्षति, उत्पादनमा ह्रास | भिरालो भूगोल र कमजोर भू-बनावट, अव्यवस्थित बस्ती र खेती प्रणाली | वृक्षारोपण, गल्लि कुलेसा संरक्षण,जलवायु अनुकुलन बालीहरु र खेती पद्दति | जमीन संरक्षण तथा प्राकृतिक निकासहरुको संरक्षण गर्दै जलवायुमैत्री कृषि प्रविधि प्रबर्द्धन |
| १० | कृषि र भेटेरिनरी सम्बन्धी निजी सेवा प्रदायकहरुको कमी | प्राविधिक सेवामा कमी, कृषकहरूले सानो समस्याको लागि पनि अन्यत्र धाउनु पर्ने, किसानलाई आवश्यक परेको बेलामा सेवा नपाउने | चाहिएको बेलामा किसानले मल, बीउ, पशुपन्छीको दाना र औषधी आदि नपाउनाले उत्पादन कमी, उत्पादन लागत बढी | स्थानीयस्तरमा ग्रामिण कृषि कार्यकर्ता र स्रोत व्यक्ति तयार गर्नुका साथै एग्रोभेट वा सामूहिक सेवा केन्द्र राख्न पहल गर्नुपर्ने | निजीस्तरमा / समूह सहकारी मार्फत एकीकृत सेवा केन्द्र स्थापना गर्न सहजीकरण गर्ने |
| ११ | गाउँपालिकामा दरबन्दी अनुसारको कृषि र पशु | कृषि क्षेत्रको व्यवसायिकीकरण | संघीय सरकारको दरबन्दीका | तत्कालको लागि करारमा भएपनि अधिकृतस्तर र | प्रदेश सरकारले प्रदेश लोकसेवा आयोग गठन |

| क्र.सं. | मुख्य समस्या | तत्कालिन असर | कारण | समाधानको उपाय | लिनुपर्ने रणनीति |
|---|---|---|---|---|---|
| | सेवाका कर्मचारीहरु पूर्ति नभएको | गर्न प्राविधिक सेवाको कमी, किसानहरू प्राविधिक सेवाबाट बञ्चित भएको | कर्मचारीहरु गाउँपालिकामा काम गर्न नचाहने, कृषि प्रसारको लागि आवश्यक पूर्वाधार नभएको | प्रा.स. र ना.प्रा.स. तहमा कर्मचारी भर्ना गराउनु पर्ने, कृषि प्रसार कार्यक्रममा समूह, सहकारीलाई समावेश गराउनु पर्ने | सम्बन्धित ऐन कानुन छिटो पारित गर्नुपर्ने, स्थानीय तहमा काम गर्ने प्राविधिक कर्मचारीको लागि विशेष व्यवस्था गर्नुपर्ने, कर्मचारीको दरबन्दी थप्नु पर्ने, विद्यमान संरचना अनुसार कृषि प्रसार सेवाको कार्यक्षेत्र असीमित भएकोले प्रभावकारी सेवाको लागि पुनरावलोकन हुनुपर्ने। |
| १२ | कृषि प्रसार सेवाको लागि ल्याबहरु र औजार उपकरणहरु र लजिस्टिक सुविधाहरुको कमी | गुणस्तरीय सेवा प्रवाहमा समस्या | बोट बिरुवाहरू, माटो, र पशुपन्छीमा लाग्ने विभिन्न रोगकीराहरुको समस्याहरु समाधान र उत्पादित वस्तुहरुको गुणस्तर कायम गर्न असुविधा हुने। | औजार उपकरण सहितको अत्याधुनिक ल्याब निर्माण, प्राविधिकहरूलाई औजार उपकरण सम्बन्धी तालिम | प्रदेश सरकारले पूर्वाधार (पशुपन्छी रोग अन्वेषण ल्याब, माटो परीक्षण प्रयोगशाला) निर्माणमा सहयोग गर्नुपर्ने |

| क्र.सं. | मुख्य समस्या | तत्कालिन असर | कारण | समाधानको उपाय | लिनुपर्ने रणनीति |
|---|---|---|---|---|---|
| १३ | प्राविधिक कर्मचारीको क्षमता | दरबन्दी अनुसारको तह र योग्यताका कर्मचारीको अभावले सेवा प्रवाहमा कठिनाइ हुनुको साथै प्राविधिक ज्ञानको पनि कमी | कृषकहरुको आवश्यकता र समस्या सम्बोधन हुन नसकेको | क्षमता अभिबृद्धिको लाग तालिम, भ्रमण, उच्च शिक्षा आदिको व्यवस्था | कर्मचारी र व्यावसायिक कृषकहरुको क्षमता अभिबृद्धिको कार्यमा प्रदेश सरकारले सहजीकरण गरिदिनु पर्ने। |
| १४ | कृषि व्यवसायको लागि वित्तीय संस्थाहरु, आवश्यक ऋण र बिमाको कमी | कृषि व्यवसाय गर्न आवश्यक ऋणको अभाव | लगानीको अभावमा कृषि व्यवसाय सञ्चालन हुन नसकेको | सहकारी वा वित्तीय संथाहरु मार्फत ऋण प्रवाह हुनुपर्ने | गाउँपालिकाले वित्तीय संस्थाहरु स्थापना गर्न सहजीकरण गर्नुपर्ने। |
| १५ | सिंचाईको समस्या | उत्पादन र उत्पादकत्वमा कमी | परम्परागत कुलोहरू, नदिहरू मानव बस्ती र खेतबारी भन्दा तलबाट बग्ने | आधुनिक सिंचाई प्रविधि लिफ्ट सिंचाई, थोपा सिंचाई, वर्षाको पानी संकलन, कुलोहरू मर्मत | सिंचाईको सुविधा उपलब्ध गराउँदा व्यावसायिक पकेट/क्षेत्रलाई प्राथमिकता दिने । |

## ग. थवाङ्ग गाउँपालिकामा वडागत कृषि क्षेत्रको सम्भाव्यता प्रक्षेपण :

स्थानीय भूगोल, हावापानी, माटोको प्रकार, जमीनको अवस्था, बजारको माग आदिको आधारमा थवाङ्ग गाउँपालिकामा वडागत कृषि क्षेत्रको सम्भाव्यता तल उल्लेख गरिएको छ। यो तालिका कृषक हरुसँगको छलफल र स्थलगत अनुगमनको आधारमा तयार गरिएकोले व्यावसायिक खेतीको लागि थप विस्तृत अध्ययन आवश्यकता पर्दछ । परम्परागत खेतीको कुरा गर्दा थवाङ्ग गाउँपालिकामा धान बाहेक सबै प्रकारका खाद्यान्न बालीहरू, दलहन, तेलहन, तरकारी, पतझड फलफूल, पशुपन्छी पालनमा गाई भैंसी, भेडा बाख्रा, बंगुर, कुखुरा आदि व्यवसाय गरिदै आएको छ ।

**तालिका १६. थवाङ्ग गाउँपालिकामा वडागत कृषि क्षेत्रको सम्भाव्यता**

| क्र.सं. | वडाहरु | टोल/स्थानीय बस्ति | सम्भाव्य बालीहरु/वस्तुहरु |
|---|---|---|---|
| १ | १ थवाङ्ग | थवाङ्ग | भट्टमास, तोरी, मकै, आलु, तरकारी, ओखर, किवी, जौ/गहुँ, बंगुर, कुखुरा, भैंसी, गाई |
| | | गोवाङ्ग | मकै, आलु जौ, भट्टमास, बाख्रा गाई, भैंसी, बंगुर, कुखुरा, सिमी, तोरी, तरकारीहरू, ओखर, पिकानट, खुर्पानी |
| | | दांग्जा | बाख्रा, मकै, आलु, जौ/गहुँ, ओखर, सुंगुर पालन |
| | | रिरूप | भैंसी, भेडाबाख्रा, आलु, मकै, गहुँ, जौ |
| | | राँछिवाङ्ग | गाई भैंसी स्याउ, ओखर, खुर्पानी, मकै आलु जौ |
| | | झाकिवाङ्ग | बाख्रा, गाई, भैंसी, कुखुरा, बंगुर, तरकारी, जौ, किवी, ओखर |
| | | माझा खर्क | मकै आलु जौ, भैसीपालन, बाख्रा |
| | | फुन्टिवाङ्ग | स्याउ, ओखर, गाई, बाख्रा आलु, मकै, गाईभैंसी |
| | | चालावाङ्ग | स्याउ, ओखर, खुर्पानी, नासपाती, बाख्रा, भैंसी, मकै, आलु |
| | | गुर्दुंग, मायाखर्क र भेडी खर्क | भेडाच्यांग्रा पालन, जौ खेती, आलु, स्याउ, ओखर, खुर्पानी, नासपाती र खाद्यान्न बालीहरु |
| | | गोल्केवाङ्ग | स्याउ, ओखर, खुर्पानी, नासपाती, खाद्यान्न बाली, आलु |

| क्र.सं. | वडाहरु | टोल/स्थानीय बस्ति | सम्भाव्य बालीहरु/वस्तुहरु |
|---|---|---|---|
| २ | २ थवाङ्ग | झ्याम नेटा | ओखर, मकै, आलु, जौ, बाख्रा, सुंगुर पालन, किवी |
| | | टोड्के डाडा | ओखर, नासपाती, खुर्पानी, किवी, बाख्रा, खाद्यान्न बाली, आलु |
| | | कोइजाबंग | ओखर, नासपाती, खुर्पानी, किवी, बाख्रा, गाई भैंसी, मकै, आलु |
| | | मरन्ठाना | मकै, आलु, जौ, तोरी, भट्टमास, ओखर, नासपाती खुर्पानी, किवी, बाख्रा, भैंसी गाई, बंगुर |
| | | जिङ्गलपु | स्याउ, ओखर, बाख्रा, मकै, आलु |
| | | फुली | स्याउ, ओखर, नासपाती खुर्पानी, किवी, बाख्रा |
| | | तिखी वाङ्ग | भेडाबाख्रा, आलु, खाद्यान्न बालीहरु, तोरी, भट्टमास |
| | | छोर्लेवाङ्ग | भेडाबाख्रा, आलु, खाद्यान्न बालीहरु, तोरी, भट्टमास, मकै आलु जौ, तोरी, भट्टमास, ओखर नासपाती खुर्पानी, किवी, बाख्रा, भैंसी गाई, बंगुर |
| | | तल्लो काडे | गाई, भैंसी, स्याउ, ओखर, मकै, आलु |
| | ३ मिरुल | जाय | स्याउ, ओखर, खुर्पानी, नासपाती, किवी, मकै, आलु सिमी, केराउ, गाई भैंसी, बाख्रा |
| | | राना गाउँ | स्याउ, ओखर, खुर्पानी, नासपाती, मकै, आलु, जौ, सिमी, तरकारी, गाई, भैंसी, बाख्रा |
| | | पर्जा | मकै, आलु, जौ, स्याउ, ओखर, किवी, खुर्पानी, खाद्यान्न बालीहरु |
| | | टुटु | मकै, आलु, जौ/गहुँ, मसुरो, भट्टमास, बंगुर बाख्रा, तरकारी बिउ, मकै बिउ उत्पादन, गाई भैंसी, तरकारी, कागती |
| | | बिसौना | स्याउ, ओखर, खुर्पानी, नासपाती, मकै, गहुँ/जौ, आलु |
| | | काफल डाडा | मकै, जौ, गाई भैंसी, आलु |

| क्र.सं. | वडाहरु | टोल/स्थानीय बस्ति | सम्भाव्य बालीहरु/वस्तुहरु |
|---|---|---|---|
| | | थापाखोरिया | स्याउ ओखर, किवी, खुर्पानी, मकै, आलु, जौ/गहुँ, केराउ |
| | | तागा | गाई, भैंसी मकै, सिमी, आलु, ओखर, किवी |
| | | सिरवाङ्ग | स्याउ, ओखर, मकै, आलु, जौ/गहुँ |
| | | तल्लो र माथिल्लो भित्रि वन, धरमपानी, नामुन्जा, रानी बास | भेडाबाख्रा, बाख्रा पालन, प्राङ्गारिक आलु, मकै, जडिबुटीखेती, खाद्यान्न बालीहरु |
| | ४, माथिल्लो उवा | तेलखोला | स्याउ, ओखर, भेडा पालन, आलु, गहुँ, जौ, मकै, गाई भैंसी, |
| | | मालागिरी | स्याउ, ओखर, खुर्पानी, नासपाती, बाख्रा, भेडाबाख्रा, आलु र खाद्यान्न बालीहरु |
| | | गुरासे | भेडा बाख्रा, स्याउ, ओखर, आलु, मकै, भाङ्गो |
| | | मैदुम | भेडा बाख्रा, मकै, आलु, गहुँ/जौ |
| | | थर्पु | गाई, भैंसी, मकै, आलु, सिमी, गहुँ/जौ |
| | | सेरवाङ्ग | गाई, भैसी, बंगुर, खाद्यान्न बालीहरु, ओखर |
| | | अरुखार्क | गाई भैंसी, मकै, आलु, जौ |
| | | घोरावाङ्ग | मकै, आलु, जौ, बंगुर, खुर्पानी, किवी, नासपाती ओखर, आरु आरुबखडा गाई, भैंसी, बंगुर |
| | | भेडी खर्क गोठ | भेडा/बाख्रा पालन, मकै, आलु |
| | | पुसवाङ्ग | बाख्रा, खाद्यान्न बालीहरु, ओखर, मकै, गहुँ/जौ |
| | | जुतर | भेडा बाख्रा, गाई, भैंसी, स्याउ, ओखर, मकै, जौ |
| | | खारबंग | भेडा च्यांग्रा, गहुँ/जौ |
| | ५, तल्लो उवा | ठुलो गाउँ (धुसवाङ्ग) | बंगुर, गाई, भैंसी, भेडा बाख्रा, मकै, आलु, जौ |
| | | दंग्जा | भेडा, बाख्रा, आलु, मकै |
| | | श्रीक्यांग | ओखर, बाख्रा, खाद्यान्न बालीहरु, पशुपालन (भैसी), कोदो |
| | | पसारी | मकै, आलु, जौ, बाख्रा पालन |

| क्र.सं. | वडाहरु | टोल/स्थानीय बस्ति | सम्भाव्य बालीहरु/वस्तुहरु |
|---|---|---|---|
| | | मैदुम | बाख्रा, भैंसी, गाई अमिलोजात फलफूल |
| | | सुरवाङ्ग बेसी | भैंसी, गाई सुन्तला, केरा, नासपाती, एभोकार्ड़ो, आरु, बाख्रा, कागती, किवी, मकै, तोरी, कोदो, आलु |
| | | गल्वादी, बुरखांग | स्याउ, ओखर, नासपाती, खाद्यान्न बालीहरु, आलु |
| | | कामी खोला | मकै आलु जौ, पशुपालन, ओखर, आलु |
| | | भेडाखर्क | भेडा च्यांग्रा, खाद्यान्न बालीहरु, ओखर, आलु |
| | | साज खर्क | भेडा, खाद्यान्न बालीहरु |
| | | फलावाङ्ग | स्याउ, ओखर, मकै, आलु, जौ |

खण्ड घ

# थवाङ्ग गाउँपालिकाको कृषि विकास योजना

यस खण्डमा थवाङ्ग गाउँपालिकको स्थलगत भ्रमण, प्राप्त तथ्याङ्कहरूको अध्ययन एवं विश्लेषणको आधारमा थवाङ्ग गाउँपालिकाको भावी योजनाको सोच, मिसन, उद्देश्य, लिनुपर्ने नीति र कार्यक्रमहरु, आवश्यक लगानी र लगानीका स्रोतहरु, रणनीति योजनाको कार्यान्वयन, अपेक्षित प्रतिफल र कार्यक्रमको दिगोपको बारेमा प्रस्तुत गरिएको छ।

## ४.१ थवाङ्ग गाउँपालिकाको सोच (VISION)

**कृषि, पर्यटन र रोजगारी**
**थवाङ्गबासीहरुको खुशियाली**

## ४.२ ध्येय (Mission)

भौगोलिक परिवेशले उपलब्ध गराएको अवसरलाई सदुपयोग गर्दै किसानहरुको आवश्यकता, बजारको माग तथा किसानको ज्ञान, सिप र अनुभवको आधारमा कृषि क्षेत्रको आधुनिकीकरण र व्यवसायिकीकरण गरी कृषि उत्पादन र उत्पादकत्व वृद्धि गरी खाद्य पोषणमा सुधार, रोजगारी एवं आम्दानीको अवसर सृजना गरी कृषकको जीवनस्तरमा सुधार ल्याउनु यस योजनाको ध्येय रहेको छ।

## ४.३ उद्देश्यहरु (Objectives)

- जीविकोपार्जनको प्रमुख स्रोत रहेको कृषि क्षेत्रको आधुनिकीकरण र व्यवसायिकीकरण गरी उत्पादन र उत्पादकत्व वृद्धि मार्फत खाद्य पोषण सुरक्षा रोजगारी र आम्दानी वृद्धि गरी जीवनस्तरमा सुधार ल्याउने।
- कृषकको आवश्यकता, भौगोलिक सम्भाव्यता, उपलब्ध प्रविधि र पूर्वाधारहरु, आन्तरिक र बाह्य बजारको माग र वातावरणीय असरलाई समेत ध्यानमा राखेर कृषि तथा पशुपन्छीजन्य वस्तुको व्यवसायिकीकरण गरेर कृषि उत्पादन र उत्पादकत्व वृद्धि गरी आर्थिक स्तरमा सुधार ल्याउने।
- प्राकृतिक स्रोतहरु, वातावरण र जैविक विविधताको संरक्षण एवं सम्बर्द्धन गर्नुका साथै कृषि पर्यटनलाई जोड दिने।

समग्रमा यो योजनाको मुख्य गरेर निम्न उद्देश्यहरु रहेका छन्।

१. खाद्य पोषण सुरक्षा अभिवृद्धि
२. कृषि क्षेत्रको आधुनिकीकरण र व्यवसायिकीकरण
३. उत्पादन र उत्पादकत्व अभिवृद्धि, वातावरण र जैविक विविधता संरक्षण र बजार प्रबर्द्धन
४. संस्थागत संरचना सुदृढिकरण र सुशासन

## ४.४ निर्देशक सिद्दान्त (Guiding Principle)

कृषि क्षेत्रको दिगो विकासको लागि उत्पादन र उत्पादकत्व वृद्धिलाई मात्र जोड नदिई कार्यक्रमको दिगोपाना, सुशासन, समाबेशिता, स्थानीय स्तरमा क्षमता वृद्धि र वातावरणीय पक्षलाई समेत ध्यान दिएर कार्यक्रम सञ्चालन गर्ने।

## ४.५ रणनीति (Strategy)

१. कृषि तथा पशुपन्छीजन्य वस्तुहरुको व्यवसायलाई भौगोलिक सम्भावनाको आधारमा पकेट र ब्लकको अवधारणा अनुसार व्यवसायिकीकरण गरी कृषि उत्पादन र उत्पादकत्व वृद्धि गरी खाद्य पोषण सुरक्षा कायम गर्ने।

२. कृषि क्षेत्रको आधुनिकीकरण एवं उन्नत प्रविधिको प्रयोग गरी उत्पादन लागत घटाउने र प्रतिस्पर्धी क्षमता बढाउने।

३. प्रविधिहरु, उन्नत बीउ बिजन, नश्लहरु, औजार उपकरणहरु सरल र सुलभ रुपमा गराउने।

४. प्राङ्गारिक खेतीलाई प्रोत्साहन गर्न माटोको सुधारका साथै गोठ सुधारलाई जोड दिने।

५. कृषिजन्य जैविक विविधता संरक्षण, सम्बर्द्धन र सदुपयोग गर्दै जलवायु अनुकुलन प्रविधि अवलम्बन गर्ने।

६. कार्यक्रम सञ्चालनमा सरोकारवालाहरुलाई प्रत्यक्ष संलग्न गराई पारदर्शी र जवाफदेही बनाउने।

७. कृषि उपजहरुको बजारीकरण, भण्डारणको व्यवस्था एवं मूल्य शृंखला अभिवृद्धिमा जोड दिने।

## ४.६ नीति (Policy)

१. कृषि र पशुपन्छीजन्य व्यवसायलाई व्यवसायिकीकरण गर्न पकेट र ब्लकको अवधारणा अनुसार एकीकृत रुपमा कार्यक्रम सञ्चालन गर्ने।

२. उत्पादन लागत घटाई कृषि उपजहरुलाई प्रतिस्पर्धी बनाउन उत्पादन सामाग्रीहरु मल, उन्नत बीउ/नश्ल र मेशिनरी औजार उपकरणहरुमा कम्तिमा ५०% अनुदानको व्यवस्था गर्ने।

३. खाद्यान्न अभाव हुने सम्भाव्य क्षेत्रमा रैथाने बालीहरुको उत्पादन र उपयोगमा जोड दिने।

४. स्थानीय स्तरमा फलफूल र जडिबुटी नर्सरी, खाद्यान्न र तरकारीको बीउ, पशुपन्छीको उन्नत नश्लहरु, पशु चरण तथा आहारा आदिको स्रोत केन्द्रको स्थापना गर्ने ।

५. कृषि प्राविधिक सेवालाई प्रभावकारी रुपमा सञ्चालन गर्न गाउँपालिकाको विद्यमान कृषि प्राविधिक कर्मचारीहरुको सांगठनिक संरचनामा सुधार, प्राविधिकहरुको क्षमता अभिवृद्धि र पूर्वाधार विकास (कृषि र पशुपन्छी सम्बन्धी प्रयोगशाला सेवा, औजार उपकरणहरु, तालिम, भ्रमण लगायतका क्षमता विकास कार्यक्रम) निजी क्षेत्रलाई समेत समावेस गरी प्रभावकारी सेवा प्रदान गर्ने ।

६. कृषकहरुलाई कृषि र पशुपन्छी सेवासँग सम्बन्धित सम्पूर्ण सेवा एकीकृत र विस्तृत रुपमा स्थानीयस्तर बाट उपलब्ध गराउने ।

७. जैविक विविधता संरक्षण, सम्बर्द्धन गर्दै वन्यजन्तु र वन पैदावारमा असर नपुग्ने गरी विभिन्न जातका औषधिजन्य बिरुवाको खेती गर्ने तथा कृषि पर्यटनमा जोड दिने ।

८. कृषि प्रसारका विभिन्न तरिका मार्फत उन्नत प्रविधि कृषक समूह मार्फत आम किसानहरुलाई हस्तान्तरण गरिनेछ ।

९. निजी क्षेत्र समेतको परिचालन मार्फत कृषि बजार प्रबर्द्धन र पूर्वाधार विकासमा सहयोग गर्ने।

१०. स्थानीय कच्चा पदार्थमा आधारित साना तथा लघु व्यवसाय विकास कार्यक्रम सञ्चालनमा जोड दिने ।

११. कार्यक्रमहरूको सूचकका आधारमा अनुगमन तथा मूल्यांकन गर्ने व्यवस्थालाई प्रभावकारी कार्यान्वयन गर्ने ।

१२. कृषि व्यवसायमा संलग्न व्यवसायी, समूह/सहकारी र निजी उद्यमीको क्षमता अभिवृद्धि गर्ने।

१३. प्राङ्गारिक खेती प्रवर्द्धन कार्यक्रम अन्तर्गत विशेषगरी आलु र सिमी बालीको क्षेत्र तथा उत्पादनलाई प्राथमिकता दिने ।

१४. स्थानीय वित्तीय सेवा साझेदारी मार्फत कृषिजन्य र पशुपन्छीजन्य व्यवसाय गर्न कृषि ऋण, बिमाको प्रवाभकारी व्यवस्था मिलाउने ।

१५. खेतीयोग्य जमीनको खण्डिकरण रोक्न वैज्ञानिक भूउपयोग नीति र कानुनको आधारमा कृषियोग्य जमीनको संरक्षण गरिनेछ ।

१६. गाउँपालिकाको समग्र कृषि क्षेत्रको विकास, व्यावसायिकरण र विशिष्टिकरण गर्न सरकारी, गैर सरकारी र सहकारी तथा निजी उद्यमीहरूसँग साझेदारी एवं सहकार्यमा, सामूहिक खेती, करार खेती तथा चक्लाबन्दीको लागि प्रोत्साहन गर्ने ।

## ४.७ कार्यक्रम कार्वान्वयनमा प्रतिबद्धता

१. गाउँपालिकाले कृषि र पशुपन्छी प्रसार सेवा, उन्नत प्रविधि हस्तान्तरण, स्रोत केन्द्र स्थापना, सहकारी र समूहहरुलाई सुदृढिकरण गर्न बजेटको सुनिश्चितता गर्नुपर्ने।

२. गाउँपालिकाले गाउँपालिकाको कार्यालय र वडा कार्यालयहरुमा कृषि र पशु सेवा तर्फको दरबन्दी परिपूर्ति गर्नको साथै व्यावसायिक फर्म विस्तार भइरहेको सन्दर्भमा कार्यक्षेत्रको आधारमा नयाँ पदहरु सिर्जना गर्नुपर्ने र एक वडा एक प्राविधिक र स्थानीय स्रोत व्यक्तिको समेत व्यवस्था गर्नुपर्ने।

३. कार्यक्रम प्रभावकारी रुपमा सञ्चालन गर्न गाउँपालिकाले ऐन र कार्यविधिहरु निर्माण गरी लागु गर्नु पर्ने (कृषि यान्त्रिकीकरण, करार खेती, अनुदान, बाली पशुपन्छी बिमा र कृषि ऋण, पूर्वाधार विकास आदि) ।

४. प्रदेश सरकारले वित्तीय स्रोतमा मात्र सहयोग नगरी प्रविधिकहरू र व्यवसायिक कृषकहरूको क्षमता अभिवृद्धि र पूर्वाधार विकासको कार्यक्रममा सहयोग गर्नुपर्ने।

५. वित्तीय स्रोतः दिगो विकासको योजना कार्यान्वयन गर्न विभिन्न सरोकारवाला निकायको सहकार्य आवश्यक हुने हुनाले संघीय सरकारले पूर्वाधार विकास, नियमनकारी निकायको स्थापना, प्रदेश सरकारले कर्मचारीको क्षमता अभिवृद्धि, स्रोत केन्द्र स्थापना र गाउँपालिकाले कृषि प्रसार कार्यक्रमहरु लाई प्रभावकारी रुपमा कार्यान्वयन गर्नु पर्ने देखिन्छ।

## ४.८ अपेक्षा गरिएको प्रतिफल

समग्रमा यस कृषि योजनाको सफल कार्यान्वयन मार्फत कृषि क्षेत्रको व्यवसायिकीकरण एवं आधुनिकीकरण गरी कृषिको उत्पादन र उत्पादकत्व वृद्धि भई खाद्य पोषण सुरक्षाको साथसाथै आम्दानी र रोजगारीको अवसर वृद्धिका साथसाथै कृषकको जीवनस्तरमा सुधार आउने अपेक्षा गरिएको छ।

१. गाउँपालिकाले कृषक समूह/सहकारी र निजी उद्यमीहरुलाई विजवृद्धि कार्यक्रमको लागि दिने अनुदानले खाद्यान्न बालीमा उन्नत बीउको प्रयोग बढ्न गई उन्नत बीउले ढाकेको क्षेत्रफल बढ्ने र उत्पादन पनि वृद्धि भई खाद्य पोषण सुरक्षामा वृद्धि हुने अपेक्षा गरिएको छ ।

२. गाउँपालिकाको अनुदान/सहुलियत पूर्ण ऋण वा बीउ पूँजीबाट बोटबिरुवाको नर्सरी/उन्नत जातको पशु नश्लको स्रोत केन्द्र स्थापना भई कृषकहरुले स्थानीयस्तरमा नै उन्नत जातका बोट विरुवाहरु, पशुपन्छीको नश्ल आदि प्राप्त गर्न सक्नेछन्।

३. किसान मैत्री कृषि औजार उपकारणमा अनुदानबाट कृषकहरुको उत्पादन लागत, श्रम घट्न गइ कृषकहरुको प्रतिस्पर्धात्मक क्षमता बढ्नेछ।

